# खानेपानी, सरसफाइ तथा स्वच्छता योजना

(२०७७/७८-२०८१/८२)


## खाँडाचक्र नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## कालिकोट


२०७७

# खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (२०७७/७८-२०८१/८२)

| दस्तावेज | खाँडाचक्र नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (२०७७/७८-२०८१/८२) |
|---|---|
| आर्थिक तथा प्राविधिक सहयोग | युनिसेफ नेपाल<br>समाज जागरण केन्द्र (स्याक) नेपाल |
| मिति: | २०७७ |

# खाँडाचक्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, कालीकोट
## कर्णाली प्रदेश

नेपालको संविधान २०७२ को भाग ३, धारा ३५ को उपधारा ४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आफ्नो क्षेत्रभित्रका नागरिकहरुलाई खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनको लागि स्थानीय तहलाई प्रदत्त कानूनी भूमिका र जिम्मेवारीलाई मनन गर्दै, सबैको लागि स्वच्छ खानेपानी, सरसफाइ र स्वच्छता सुविधा उपलब्ध गर्ने प्रमुख लक्ष्य यस नगरपालिकाले राखेको छ । दिगो विकास लक्ष (लक्ष नं. ६) बमोजिम सन् २०३० भित्रमा सबैको लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाको दिगो व्यवस्थापन सुनिश्चित गर्ने कुरामा नगरपालिका प्रतिवद्धताका साथ खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाको दिगोपनालाई आधारभूत मानव अधिकारको रुपमा स्वीकार गर्दै आएको छ । यसका लागि स्थानीय स्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता ( खास्वस) योजना तर्जुमा गरि योजनाबद्ध तवरले अगाडी बढनु अपरिहार्य भएको हुदा यो योजना निर्माण गरिएको हो । खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रका सेवाहरु निरन्तर रुपमा प्राप्त भईरहने, भेदभावरहित तथा आर्थिक एवं विधिक रुपले सबैको सहज पहुँचयोग्य हुनु अनिवार्य भएको हुदा यस खाँडाचक्र नगरपालिकाको खास्वस योजनाले समावेशी र सहभागितात्मक प्रक्रियाबाट क्षेत्रगत समुदायहरुको आधारभूत आवश्यकताहरुलाई योजनावद्ध रुपमा सम्बोधन गर्दै जाने विश्वास समेत लिएको छु ।

यसर्थः खानेपानी, सरसफाइ तथा स्वच्छताको दिगो व्यवस्थापन प्रयोजनको लागि खाँडाचक्र नगरपालिकाले दीर्घकालीन सोंच, उद्देश्य र रणनीति तय गर्दै स्थानीय साधन र स्रोतहरुको अधिकतम परिचालन गर्ने गरी यो योजना लागु गरिने छ । यो योजना निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग गर्ने युनिसेफ नेपाल र कार्यक्रम साझेदार संस्था समाज जागरण केन्द्र (स्याक) नेपाल, सुर्खेत प्रती विशेष धन्यवाद दिन चाहन्छु । त्यसै गरि यस कार्यमा प्रत्यक्ष–अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पूर्ण संस्था, व्यक्ति र खाँडाचक्र न.पा.का कर्मचारी, वडा प्रतिनिधि एवं नागरिक समाजलाई धन्यवाद दिन चाहन्छु । साथै यस योजनाले निर्दिष्ट गरेका लक्ष्य तथा उपलब्धिहरु हासिल गर्न नगरपालिकामा कार्यरत सम्पूर्ण सरकारी निकायहरु, गैरसरकारी संस्थाहरु, विकास साझेदार संस्थाहरु तथा कर्मचारीहरुबाट पूर्ण सहयोगको अपेक्षा राख्दै यसको प्रभावकारी कार्यान्वयनमा नगरपालिकाको तर्फबाट प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु ।

धन्यवाद !!!

**जसी प्रसाद पाण्डे**
**नगर प्रमुख**
**खाँडाचक्र नगरपालिका, कालीकोट**

# खाँडाचक्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, कालीकोट
## कर्णाली प्रदेश

खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रको विकासको लागि स्थानीय तहले आ-आफ्नो क्षेत्र भित्र खानेपानी, सरसफाइ र स्वच्छताको मौजुदा अबस्था विश्लेषण गरी सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने उदेश्यले खासस्व क्षेत्रको आवधिक योजना तर्जुमा गर्नु पर्ने सन्दर्भमा यस खाँडाचक्र नगरपालिकाको स्थानीय भू–सान्दर्भिक तथ्यगत तथ्याङ्कको आधारमा पालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा गरेको छ। नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हक र कर्तव्यको धारा ३५ को उपधारा ४ अनुसार प्रत्येक नागरिकलाई खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने व्यवस्था गरेको छ र खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाहरु समानतामा आधारित विभेदरहित, सहभागितामूलक, सूचनामूलक तथा उत्तरदायित्वमूलक भए मात्र मानव अधिकारको मर्म वमोजिम भएको मानिन्छ।

यसै सन्दर्भमा यस पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको समग्र विकासको लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान गरी यस क्षेत्रमा नगरपालिकाको मार्गचित्र तयार गर्नका लागि यो योजना तर्जुमा गर्ने कार्य गरिएको हो। यस कार्यमा नगरपालिकालाई विभिन्न क्षेत्रबाट आर्थिक, प्राविधिक, परामर्श तथा रायसुझाव प्राप्त भएको छ र जसको परिणामस्वरुप यो योजना तयार गर्न नगरपालिका सफल भएको छ। आर्थिक तथा प्राविधिक सहयोग गरी यस कार्यलाई सफल पार्न योगदान गर्ने युनिसेफ नेपाल तथा कार्यक्रम साझेदार संस्था समाज जागरण केन्द्र (स्याक) नेपाल, सुर्खेत प्रति नगरपालिका परिवार हार्दिक आभार प्रकट गर्दछ। यसैगरी विभिन्न तहका छलफल कार्यमा सहजिकरण गर्ने परामर्शदाता टोलि र तथ्यांक संकलन गर्नुहुने गणकहरु प्रति म धन्यवाद दिन चाहन्छु। यो योजना निर्माणको क्रममा प्रारम्भिक प्रतिवेदन लेखन, पुनरावलोकन, नपुग तथ्याङ्क संकलन तथा विश्लेषण, नगर तथा वडास्तरीय छलफलमा सहभागी भई अन्तिम योजना प्रतिवेदन तयारीमा सहयोग गर्नु हुने परामर्शदाता श्री ललित जंग शाही र खाँडाचक्र नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना सम्बन्धी अध्ययन तथा योजना निर्माण कार्यमा सहभागी भई रचनात्मक सुझाव र सहयोग गर्नु हुने सम्पुर्ण महानुभावहरूलाई धन्यवाद सहित हार्दिक आभार प्रकट गर्न चाहान्छु। साथै, यस योजनाले खाँडाचक्र नगरपालिकाको खानेपानी, सरसफाइ र स्वच्छता सेवाक्षेत्रको समग्र विकासमा सहयोग पुऱ्याउनुको साथै स्थानीय शासन व्यबस्थालाई थप जनमुखि, सेवामुखि, जनउत्तरदायी र पारदर्शी तुल्याई शुसासनको प्रत्याभूति दिलाउन सहयोग गर्ने छ र यस योजनाले निर्दिष्ट गरेका भावी कदमको सफल कार्यन्वयनमा सरकारी निकायहरु, गैरसरकारी संस्थाहरु तथा विकास साझेदार संस्थाहरुबाट पूर्ण सहयोगको अपेक्षा राख्दै यसको प्रभावकारी कार्यान्वयनमा नगरपालिकाको तर्फबाट प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु।

**धन्यवाद !!!**

**बिजया बिष्ट**
**नगर उप-प्रमुख**
**खाँडाचक्र नगरपालिका, कालीकोट**

# खाँडाचक्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, कालीकोट
## कर्णाली प्रदेश

नेपालको संविधानले आधारभूत स्तरको खानेपानी र सरसफाई सुविधालाई नागरिकको आधारभूत अधिकारको रुपमा प्रत्याभूत गरेको छ। हालका दिनमा स्वच्छ खानेपानीको उपलब्धता र सरसफाइको दायरा फराकिलो भइ प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधारस्तम्भको रुपमा विस्तारित भई स्वच्छ खानेपानी र सरसफाईलाई राष्ट्रिय विकासको अभिन्न अंगको रुपमा लिन थालिएको छ। यस सदर्भमा यस नगरपालिकामा खानेपानीका विद्यमान श्रोतहरु, मौजुदा खानेपानी तथा सरसफाइ सम्बन्धि संरचना सुविधाहरुको लगत संकलन गरि अभिलेखीकरण गरि स्थानीय तह क्षेत्रभित्रका सेवा वंचीत पहुँच वाहिरका समुदायमा खानेपानी, सरसफाइ र स्वच्छता सेवा प्रवाहको निश्चितता सहित अल्पकालीन र दिर्धकालीन रणनैतिक योजना तयार पारि कार्यक्रमहरु संचालन गर्न वाञ्छनीय भएकाले यो पन्च वर्षीय खास्वस योजना निर्माण भएको छ। विशेष गरी यस नगरपालिकाले आफ्नो खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको कार्ययोजना तर्जुमा गरि कार्यान्वयन गर्न यो योजना तर्जुमा गरेको हो। आगामी दिनहरुमा यस नगरपालिकाद्वारा संचालन हुने खानेपानी, सरसफाइ तथा स्वच्छता संग सम्बन्धित हरेक क्रियाकलाप सेवाग्राही मैत्री बनाउन यस दस्तावेजले सघाउने अपेक्षा गरेको छु। यस नगरपालिका भित्र सम्पन्न हुने खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका जुनसुकै प्रयास वा कार्यक्रमकोमा निर्विभेद, सशक्तीकरण, सहभागिता, जवाफदेही र कानुनी प्रावधान जस्ता मानव अधिकार निर्दिष्ट सर्त अवलम्बन गरि सेवा प्रदान गर्न यस दस्तावेजले नगरपालिकालाई सहयोग गर्ने विश्वास लिएको छु।

यो कार्य सम्पादनको लागि यस नगरपालिका क्षेत्र भित्रको सुरक्षित खानेपानी सरसफाइ तथा स्वच्छता अवस्थाको आधार रेखा तथ्याङ्क सहितको मापदण्ड तयार पार्न खानेपानी मन्त्रालयबाट तयार भई उपलब्ध भएको NWASH APPS प्रयोग गरि तथ्यांक संकलन गरिएको छ र यसै सिलसिलामा तथ्यांक संकलकको भूमिकामा रहनुभएका सम्पूर्ण गणकहरु प्रति म धन्यवाद दिन चाहन्छु। साथै आर्थिक तथा प्राविधिक सहयोग गरी यस कार्यलाई सफल पार्न योगदान गर्ने युनिसेफ नेपाल तथा कार्यक्रम साझेदार संस्था समाज जागरण केन्द्र (स्याक) नेपाल, सुर्खेत प्रति नगरपालिका परिवार हार्दिक आभार प्रकट गर्दछ। अन्त्यमा यो योजना दस्ताबेजिकरणमा सहकार्य गर्ने विभिन्न कार्यालयका सम्पूर्ण महानुभावहरु, तथ्यांक संकलकहरु प्रति हार्दिक आभार व्यक्तगर्दछु र यस दस्तावेज अनुरुप आगामी दिनमा थाल्ने कार्यक्रम तथा योजनाहरु कार्यन्वयनमा सहकार्य, समन्वय र सहयोग गर्न नागरिक समाज, समुदाय लगायत सबैमा सरोकारवालाहरुमा अपिल समेत गर्दछु।

**धन्यवाद !!!**

**खड्क प्रसाद उपाध्याय**
**प्रमुख प्रशासकीय अधिकृत**
**खाँडाचक्र नगरपालिका, कालीकोट**

## विषयसूची

**परिच्छेद १:** ........ ४
**खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको परिचय** ........ ४
१.१ पृष्ठभूमि ........ ४
१.२ औचित्य ........ ५
१.३ खासस्व योजना तर्जुमा गर्नुका उद्देश्य ........ ६
१.४ दायरा र समयावधि ........ ६
१.५ सिमितता/ सिमा ........ ७
१.६ योजना तर्जुमा विधि तथा प्रक्रिया ........ ७
**परिच्छेद २:** ........ १०
**पालिकाको वस्तुगत विवरण** ........ १०
२.१ नगरपालिकाको संक्षिप्त भौगोलिक अवस्थिति र बनोट ........ १०
२.२ भू–उपयोग सम्बन्धी विवरण ........ १०
२.३ पहुंच ........ ११
२.४ आधारभूत जानसाँख्यिक चरित्र ........ १२
**परिच्छेद ३:** ........ १७
**पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति** ........ १७
३.१ खाँडाचक्र नगरपालिकाको खानेपानी स्थितिको पुनरावलोकन ........ १७
३.२ संस्थागत (शैक्षिक संस्था र स्वास्थ्य संस्था) खानेपानी सुविधा ........ २२
३.३ शैक्षिक संस्थाहरुमा खानेपानी सुविधाको अवस्था ........ २३
३.४ सरसफाइ तथा स्वच्छताको अवस्था ........ २५
**परिच्छेद: ४** ........ ३०
**खानेपानी, सरसफाइ तथा स्वच्छता विकास योजनाको अवधारणा** ........ ३०
४.१ पृष्ठभूमि ........ ३०
४.२ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको परिकल्पना ........ ३०
४.३ समष्टिगत लक्ष्य ........ ३०
४.४ समष्टिगत उद्देश्यहरु ........ ३०
४.५ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका निर्देशक सिद्धान्तहरु ........ ३१
४.६ नगर खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका विषयगत क्षेत्रहरु ........ ३२
४.७ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका आधारहरु ........ ३३
४.८ राष्ट्रिय लक्ष्य, अवधि र रणनीति (क्षेत्रगत सुधार योजना) संगको अन्तरसम्बन्ध ........ ३५
**परिच्छेद: ५** ........ ३७
**योजनाको क्षेत्रगत सोच तालिका, रणनीति, कार्ययोजना तथा वित्तीय श्रोत विश्लेषण** ........ ३७

**५.१ क्षेत्रगत समस्या, चुनौतीहरु तथा समाधान उपयोगी रणनीति** ............ ३७
**क्षेत्र : १: आयोजनाहरुको दिगोपना, सुरक्षा र सुरक्षित खानेपानी** ............ ३७
**खासस्व योजनाका क्षेत्र** ............ ३७
**५.२ क्षेत्रगत योजना सोच तालिका रणनीति, कार्ययोजना तथा वित्तीय श्रोत विश्लेषण** ............ **३९**
**५.२.१: आयोजनाहरुको दिगोपना, सुरक्षा र सुरक्षित खानेपानी** ............ **३९**
क) क्षेत्रगत योजना सोच तालिका ............ ३९
ख) समष्टिगत रणनीतिहरु: ............ ४०
ग) क्षेत्रगत कार्ययोजना तालिका ............ ४०
घ) क्षेत्रगत कार्ययोजना अनुसार वित्तीय श्रोत विश्लेषण: ............ ४१
घ) सामान्य मर्मत संभार गर्नु पर्ने योजनाहरुको प्राथामिकता क्रम ............ ४३
ङ) ठुलो मर्मत संभार तथा विस्तार गर्नु पर्ने योजनाहरुको प्रथामिकता क्रम ............ ४४
च) पुन निर्माण तथा विस्तार गर्नु पर्ने योजनाहरुको प्रथामिकता क्रम ............ ४४
छ) क्षेत्रगत आर्थिक स्रोत साधनको व्यवस्थापन ............ ४४
**५.२.२: पूर्ण सरसफाइ तथा स्वच्छता प्रबर्द्धन** ............ ४५
क) क्षेत्रगत योजना सोच तालिका ............ ४५
ख) समष्टिगत रणनीतिहरु: ............ ४६
ग) क्षेत्रगत कार्ययोजना तालिका: ............ ४६
घ) क्षेत्रगत कार्ययोजना अनुसार वित्तीय श्रोत विश्लेषण: ............ ४७
ङ) क्षेत्रगत आर्थिक स्रोत साधनको व्यवस्थापन ............ ४८
**५.२. ३ : संस्थागत (विद्यालय तथा स्वास्थ्य संस्था) खानेपानी, सरसफाइ तथा स्वच्छता** ............ ४९
क) क्षेत्रगत योजना सोच तालिका ............ ४९
ख) समष्टिगत रणनीतिहरु: ............ ६०
ग) क्षेत्रगत कार्ययोजना तालिका: ............ ६०
घ) क्षेत्रगत कार्ययोजना अनुसार वित्तीय श्रोत विश्लेषण: ............ ६२
ङ) क्षेत्रगत आर्थिक स्रोत साधनको व्यवस्थापन ............ ६४
**५.२. ४ : जलवायु परिवर्तन, असर न्यूनीकरण र खानेपानी तथा सरसफाइ सेवा** ............ ६५
क) क्षेत्रगत योजना सोच तालिका ............ ६५
ख) समष्टिगत रणनीतिहरु: ............ ६५
ग) क्षेत्रगत कार्ययोजना तालिका: ............ ६५
घ) क्षेत्रगत कार्ययोजना अनुसार वित्तीय श्रोत विश्लेषण: ............ ६६
ङ) क्षेत्रगत आर्थिक स्रोत साधनको व्यवस्थापन ............ ६७
**५.२. ५ : संस्थागत तथा क्षमता विकास** ............ ६८
क) क्षेत्रगत योजना सोच तालिका ............ ६८
ख) समष्टिगत रणनीतिहरु: ............ ६८
ग) क्षेत्रगत कार्ययोजना तालिका: ............ ६९
घ) क्षेत्रगत कार्ययोजना अनुसार वित्तीय श्रोत विश्लेषण: ............ ७०

ङ) क्षेत्रगत आर्थिक स्रोत साधनको व्यवस्थापन ........ ७०
**परिच्छेद–६** ........ ७१
**संस्थागत संरचना, अनुगमन तथा मूल्याङ्कन बिधि** ........ ७१
६.१ पालिकाको संगठन र खासस्व योजना कार्यान्वयन तथा अनुगमन संयन्त्रको पहिचान तथा विश्लेषण ........ ७१
६.२ खासस्व योजना कार्यान्वयन तथा अनुगमनका लागि आवस्यक मानव श्रोतको व्यवस्था ........ ७२
६.३ अनुगमन योजना ........ ७२
६.३.१ नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा ........ ७२
६.३.२.अनुगमनको विधी ........ ७३
६.३.३. अनुगमनको तहः ........ ७४
६.३.४. सूचक ........ ७४
६.३.५. नतिजामूलक अनुगमन खाँका ........ ७४
६.४: निष्कर्ष तथा भावी कार्यदिशा ........ ७५
**अनुसूचीहरु :** ........ ७७
**अनुसूची १ तथ्याङ्क प्रमाणिकरण तथा मस्यौदा योजनामाथि छलफल कार्यशालाका सहभागीहरुको उपस्थिति तथा प्रतिवद्धता** ........ ७७
अनुसुचि २: वडागत रुपमा खानेपानीको सेवाको स्तर विवरण ........ ७८
अनुसुचि ३: मौजुदा खानेपानी आयोजनाको विवरण ........ ७९
अनुसुचि ४: विद्यालय,खानेपानी,सरसफाइ तथा स्वच्छता सम्बन्धि सूचकगत विवरण ........ ८०
अनुसुची ५: स्वास्थ्य संस्थाको खानेपानीको अवस्था ........ ८१
अनुसुची ६: स्वास्थ्य संस्थाको शौचालयको सरसफाईको अवस्था ........ ८२
अनुसुची ७: स्वास्थ्य संस्थाको फोहोर व्यवस्थापन ........ ८३

## परिच्छेद १:
## खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको परिचय

### १.१ पृष्ठभूमि
नेपालको संविधानको भाग ३ को मौलिक हक र कर्तव्यको धारा ३५ को उपधारा ४ मा प्रत्येक नागरिकलाई खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने व्यवस्था गरिएको छ । नेपाल सरकारले सबैलाई सुरक्षित खानेपानी तथा सरसफाइको पहुँचको निश्चितता गर्न जुन सुकै समयमा, जो सुकैलाई र जहाँसुकै ठाउंमा प्राप्त हुने गरि पर्याप्त, सुलभ, सुरक्षित, स्वीकार्य र खर्च बहन गर्न सक्ने सामर्थ्य योग्य खानेपानी, सरसफाइ र स्वच्छता सेवा प्रदान सुधार गर्ने प्रमुख लक्ष्य राखेको छ । यो लक्ष्य प्राप्तीमा योगदान गर्न नेपाल सरकारले खासस्व क्षेत्रगत विकास योजना पनि तयार गरेको छ । यसै अनुरुप स्थानीय तहहरुमा पनि आ–आफ्नो क्षेत्रमा स्थानीय स्तरको खास्वस योजना तर्जुमा गरि योजनाबद्ध तवरले अगाडी बढनु अपरिहार्य भएको छ । अत: स्थानीय सरकारहरुले खानेपानी र सरसफाइको लक्ष्य प्राप्ति र दिगो व्यवस्थापनका लागि अहिले सम्म गरिएका प्रयत्नहरुमा अझ तीब्रता दिनुका साथै संरचनागत सुदृढिकरण तथा क्षमता अभिबृद्दि गर्नु अपरिहार्य देखिन्छ । यसै सन्दर्भमा, संयुक्त राष्ट्र संघ द्वारा प्रतिपादित दिगो विकास लक्ष्य नं ६ को १ र २ मा सन् २०३० सम्ममा विश्वका सम्पूर्ण जनतालाई स्वच्छ दिगो खानेपानी तथा सरसफाइ सेवाको उपलब्धता सुनिश्चित गर्ने उल्लेख गरिएको छ र नेपाल सरकारले पनि यो दिगो लक्ष्य कार्यान्वयनका लागि प्रतिवद्धता जनाएको छ । यसका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा सबै नागरिकको पहुँच निश्चितता गर्दै निर्विभेद, सशक्तीकरण, सहभागिता, जवाफदेही र कानुनी प्रावधान जस्ता मानव अधिकारका निर्दिष्ट सर्त अवलम्बन गरिनु स्थानीय तहको प्रमुख दायित्व हो । खानेपानी तथा सरसफाइ सेवामा सबै नागरिकको पहुँच वृद्धिका लागि स्थानीय सरकारको संरचनागत सुदृढिकरण तथा क्षमता अभिबृद्दि गर्नु अपरिहार्य छ । यस क्रममा स्थानीय निकायहरुलाई स्थानीय सरकारका रुपमा संस्थागत गर्ने दिशामा स्थानीय सरकार संचालन

सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन-२०७४ ले सबैभन्दा महत्वपूर्ण योगदान गरेको छ। यस ऐनले हरेक स्थनीय निकायले क्षेत्रगत योजना तर्जुमा गर्नुपर्ने र सोको आधारमा वार्षिक योजना तथा बजेट तर्जुमा गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ। योजनाबद्ध रुपमा सम्पूर्ण जनतामा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन कृयाकलाप संचालनका लागि वर्तमान खानेपानी तथा सरसफाइको अवस्था, सम्भावित श्रोतहरु, सार्वजनिक तथा संस्थागत खानेपानी तथा सरसफाइको अवस्था समुदायको स्वच्छता आनिबानि सम्वन्धमा सर्वेक्षण, अध्ययन छलफल गरी उपलब्ध तथ्यहरु र सूचनाहरुका आधारमा खानेपानी तथा ढल व्यवस्थापन विभागको क्षेत्र विकास योजना २०७४-२०८७ संग तादाम्यता मिलाएर खानेपानी, सरसफाइ तथा स्व्चछताका कार्यक्रमको प्राथमिकीकरणर गरि बजेट समेत आंकलन गरी यस नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरिएको छ। यस पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको समग्र विकासको लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गरी यस क्षेत्रमा पालिका को मार्गचित्र तयार गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा गर्ने कार्य गरिएको छ।

अतः स्थानीय तहमा उपलब्ध नागरिक संस्थाहरूको साझेदारीमा स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकासको निरन्तरताको लागि प्रभावकारी रुपमा संस्थागत क्रियाशीलता, स्तरिय सेवा प्रवाह, नतिजामूलक सचेतना अभिबृद्धी, व्यापक सामाजीकरण, सामूहिक सशक्तिकरण र स्व-अनुगमन सम्बन्धि क्रियाकलापहरुको नियमित कार्यान्वयन जरुरी रहेको छ। यसै सिलसिलामा यस पालिकाको क्षेत्रगत अनुभव, स्थानीय तहका सरोकारवालाहरुको पृष्ठपोषण, योजना तर्जुमा कार्यशालाको सुझाव, पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको कार्यान्वयनको वर्तमान अवस्था विश्लेषण र विज्ञहरुका राय सुझाव एवं नीतिगत आधारहरुलाई मध्यनजर गर्दै यस पालिकाको प्रत्यक्ष सहजीकरण र समन्वयमा यो योजना तयार पारिएको छ।

## १.२ औचित्य

खानेपानी, सरसफाइ  तथा स्वच्छता सेवालाई मनाव अधिकारको रूपमा दृष्टिगत गरी सुदृढ र प्रभावकारी बनाउन स्थानीय तहका सबै अंगलाई आ-आफ्नो कामका लागि सक्षम बनाउनु आवश्यक पर्छ। पूर्वाधार एवं सेवा सुविधाको सहज उपलब्धतामा कमी हुनुले स्थानीय तहमा खानेपानी, सरसफाइ  तथा स्वच्छता सेवाको वास्तविक उपभोगको प्रत्याभूति सेवाग्राहीले गर्न नसकेको अवस्था विद्यमान  छ। यस पालिकाका सबै नागरिकले समावेशी, मर्यादित र समतामूलक आधारमा वास्तविक अर्थमा निर्वाध रुपमा खानेपानी, सरसफाइ  तथा स्वच्छता सेवा उपभोग गर्न सक्ने स्थिति तयार गरि सेवाग्राही सेवा अधिकारका बाहक हुन भन्ने संस्कृतिको विकास र कर्तव्यका बाहकहरुमा वाञ्छित मात्रामा हुन नसक्नु एवं खानेपानी, सरसफाइ  तथा स्वच्छता सेवाका अन्य चुनौतीहरुको स्थानिय स्तरमा सम्बोधन गर्न यो योजना तर्जुमा र कार्यान्वयन अपरिहार्य देखिएको छ। संयुक्त राष्ट्र संघले पनि खानेपानी तथा सरसफाइलाई मानवको आधारभुत अधिकारको रुपमा मान्यता दिई दिगो विकास लक्ष्यका विविध परिसूचकहरु मध्ये सरसफाइलाई पनि एक महत्वपूर्ण परिसूचकको रुपमा समावेश गरेको छ। संयुक्त राष्ट्र संघ द्वारा प्रतिपादित दिगो विकास लक्ष्य नं ६ को १ र २ मा सन् २०३० सम्ममा विश्वका सम्पूर्ण जनतालाई स्वच्छ दिगो खानेपानी तथा सरसफाइ सेवाको उपलब्धता सुनिश्चित गर्ने उल्लेख गरिएको छ। नेपाल सरकारले संयुक्त राष्ट्र संघद्वारा प्रतिपादित दिगो विकास लक्ष्य कार्यान्वयनका लागि प्रतिवद्धता जनाई सकेको सन्दर्भमा स्थानीय सरकारहरुले दिगो र व्यवस्थित खानेपानी तथा सरसफाइको सुनिश्चितताका लागि योजनाबद्ध तवरले अगाडी बढनु अपरिहार्य भएको छ।  खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा यस पालिकाको क्षमता, वास्तविक अवस्था र भावी योजनाहरु तय गर्नका लागि यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको आवश्यकता महसुस गरि निर्माण गरिएको हो। खानेपानी तथा सरसफाइ नागरिकको नैसर्गीक अधिकारको रुपमा नेपालको संविधानले व्यवस्था

गरेको हुदा यस नगर क्षेत्रका जनतालाई सर्वसुलभ, सुरक्षित र दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि सेवाको पहुँचमा अभिवृद्दि गर्नु पालिकाको कर्तव्य तथा जिम्मेवारी हो। योजना विना गरिने हरेक स्थानीय निकायको विकासले खानेपानी र सरसफाइको पहुँचका क्षेत्रमा आशातित सफलता नहुने हुदा स्थानीय भू–सान्दर्भिक तथ्यगत तथ्याङ्क र वस्तुगत आधारमा समुदायसंगको छलफल र स्विकार्यतालाई समेत मध्य नजर गरी सेवाबाट बन्चितिमा परेका समुदायहरुलाई प्राथमिकतामा राखेर योजना बनाई खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा विकास गर्न खासस्व योजना अति आवश्यक दस्तावेज भएकोले यो योजना निर्माण र र कार्यान्वयन अपरिहार्य छ।

## १.३ खासस्व योजना तर्जुमा गर्नुका उद्देश्य

यस खाँडाचक्र नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा गर्नुको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः

१. यस पालिकाको खानेपानीका विद्यमान श्रोतहरु र मौजुदा खानेपानी तथा सरसफाइ सम्बन्धि संरचना सुविधाहरुको लगत संकलन गरि अभिलेखीकरण गर्ने।

२. खानेपानी, सरसफाइ तथा स्वच्छतासंग अन्तरसंबन्धित विषयवस्तुहरु स्वास्थ्य, शिक्षा र आय आर्जनका अवसरहरु सहित यसबाट प्राप्त गर्न सकिने प्रतिफलहरुको परिचालन, प्राथामिकरण र प्रबर्द्धनको योजना तयार गर्ने।

३. स्थानीय तहमा सेवाबाट वंचीत, पहुँच वाहिरका मुदायमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रवाहको निश्चितता सहित अल्पकालीन र दिर्धकालीन रणनैतिक योजना तयार पार्ने।

४. स्थानीय तहको सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्थाको आधार रेखा तथ्याङ्क सहितको मापदण्ड तयार गरि उपरोक्त सेवा विस्तार निश्चित समयावधिमा सतप्रतिसत पुरा गर्न प्रतिवद्धता सहितको अवधारणा तयार पार्ने।

५. खासस्व योजना संग अन्य विषयगत योजनाहरुलाई एकिकृत गर्नको निम्ति स्थानीय सरकारलाई सहजिकरण गर्ने।

## १.४ दायरा र समयावधि

यस खासस्व योजनाको समयावधि नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभागको नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना २०७४-२०८७ संग सामन्जस्यता हुने गरी पाँच वर्ष सम्मको हुनेछ। प्रत्येक योजनाको पाँच वर्षको समय समाप्ति संगै नयाँ योजमामा प्रवेश गर्दा यस पालिकाको खासस्व योजना अद्यावधिक र पुनरावलोकन गरिने छ। स्थानीय तहमा यस योजनाले खानेपानी, सरसफाइ तथा स्वच्छताका क्रियाकलापलाई व्यवहारमा प्रभावकारी कार्यान्वयन र प्रबर्द्धन गर्ने दष्टिले तपसिलमा उल्लेखित तीन चरणका विकास प्रयासको माध्यमबाट स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छताको योजना कार्यान्वयनका सामाजिक उपलब्धिहरु तय गरेको छ :

१. **आधारभूत तह:** सेवा प्रदायक संस्था/निकायहरुले खानेपानी, सरसफाइ तथा स्वच्छता विकासका प्रयास मार्फत सेवाग्राहीलाई प्रत्यक्ष सेवा र सहयोग पुऱ्याई तत्काल आवश्यकता पुरा हुने क्रियाकलाप संचालनको मापदण्ड तय गरेको छ।

२. **मध्यम तह:** स्थानीय तहमा सेवा प्रदायक संस्था/निकायहरुले ज्ञान, सिप, चेतनाको माध्यमबाट क्षमता र सशक्तिकरणको विकासका प्रयासबाट खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका सेवाग्राहीको वर्तमान अवस्थामा सुधार ल्याउले क्रियाकलाप संचालनको मापदण्ड तय गरेको छ।

३. **विकसित चरण:** स्थानीय तहमा सेवा प्रदायक संस्था/निकायहरुले सेवाग्राहीको खानेपानी, सरसफाइ तथा स्वच्छताको आधारभुत आवश्यकता सूनिश्चितताको लागि पहुँच विहिन समुदायको पक्षमा नीति तथा संरचनागत व्यवस्थामा सुधार ल्याउन आवश्यक क्रियाकलापको संचालनको मापदण्ड तय गरेको छ।

## १.५ सिमितता/ सिमा

साधन, श्रोत, समय, लागत, सूचना लगायत अन्य विषय वस्तुहरुको सिमितताका कारण योजना तर्जुमा प्रक्रिया केही निश्चित सीमा भित्र बाँधिएको हुन्छ, यो खासस्व योजना निर्माण कार्य नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभाग द्वारा प्रस्तावित ढाँचा अनुसार तयार गरिएको NWASH Apps वाट प्राप्त हुन सक्ने तथ्याङ्कलाई नै यो योजना निर्माण प्रक्रियाको मुख्य सिमाक्षेत्र मानिएको छ। यस पालीकाको खासस्व अवस्थाको मौजुदा स्थितिको आधार रेखा तयार पार्नको लागि NWASH Apps को प्रयोग गरिएको हो र यस Apps मा समावेस गरिएका बाह्र NWASH/MIS Based Apps मा समाबेस गरिएका प्रश्नहरुको माध्यमबाट तथ्याङ्कहरु संकलन गरिएको हो। यस Apps अन्तर्गत तथ्याङ्क तथा आवश्यक सूचनाहरु यस पालिकाका निर्वाचित पदाधिकारीहरु, कार्यरत कर्मचारीहरु, विद्यालय शिक्षक तथा स्वास्थ्य केन्द्रका कमंचारीका अलावा महिला स्वास्थ्य स्वयमसेविकाहरुसंग छलफल गरी संकलन गरिएको हो। घरधुरी तहको सरसफाइ र स्वच्छताको वर्तमान अवस्थाको सूचनाहरु संकलन गर्न सम्पूर्ण घरपरिवारमा नै गई सूचनाहरु संकलन गर्न नसकिएकोले नमुना पद्धति अपनाई १० प्रतिशतको अन्तरालमा नमुना संकलन विधिबाट सम्बन्धित घरधुरीमा गई गणकहरुद्वारा सूचनाहरु संकलन गरि प्राप्त तथ्यहरुलाई यस योजनामा सामान्यिकरण गरिएको छ। तथ्याङ्कहरु संकलनका लागि स्थानीय प्राविधिक तथ्याङ्क संकलकको अभाव भएकोले कतिपय प्राविधिक सूचनाहरु समेत गैर प्राविधिक तथ्याङ्क संकलकहरुको माध्यमबाट संकलन गरिएको हो।

## १.६ योजना तर्जुमा विधि तथा प्रक्रिया

यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयारीमा तपसिलका प्रक्रियाहरु अवलम्वन गरिएको छ;

### १.६.१ खासस्व योजनाको ढांचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन

नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा प्रस्तावित ढाँचा अनुरुप विषय वस्तु तयारीका लागि फिल्ड सर्वेक्षणका अनु-सूची र प्रश्नावलीहरुको पुनरावलोकन गरिएको थियो। यस पालिकाको खासस्व योजना प्रक्रिया अन्तर्गत सर्वेक्षण औजार तयार गर्दा ऐन, नियम र निर्देशिकामा भएका व्यवस्थाको समेत उपयोग गरी निम्न विधि र प्रक्रिया पुरा गरी आवश्यक जनशक्तिको व्यवस्थापन गरिएको थियो;

- ऐन, नियम, निर्देशिका तथा प्रतिवेदन अध्ययन तथा पुनरावलोकन गरिएको थियो;
- खासस्व योजना तर्जुमा सम्बन्धी पालिकाको सोचमाथि छलफल र निर्माणको लागि पालिका स्तरीय निर्णय गरिएको थियो;
- खासस्व योजना तर्जुमाका लागि संलग्न हुने संघीय अथवा प्रादेशिक सरकारी निकाय वा विकास साझेदार संस्थाहरुसंगको वार्ता, परामर्श र छलफल तथा निर्णय सहित समझदारी र सहमती गरिएको थियो;
- सेवा प्रदायक संस्थाहरुको छनौट उनीहरुका लागि अभिमुखिकरण, तालिम (NWASH MIS Operation Training) र परिचालनका क्रियाकलाप संचालन गरिएको थियो;
- पालिका स्तरमा अवधारणा पत्रको प्रस्तुती तथा दुरदर्शीता र परिदृश्य निर्माण कार्यशाला संचालन गरिएको थियो;

समग्रमा यस पालिकाको खासस्व योजन तर्जुमाका लागि सेवा प्रदायक संस्थाका तर्फबाट- खासस्व योजना विज्ञ ( टोली नेता) १ जना, सामाजिक परिचालक/ गणक /सब इञ्जिनियर (प्रति वार्ड कम्तिमा एकका दरले) ५–३३ जना, इञ्जिनियर (IT/GSI) विज्ञ १ जना र दस्तावेजीकरण विज्ञ १ जनाको व्यवस्था गरिएको थियो।

### १.६.२ नगरपालिका स्तरीय अभिमुखिकरण गोष्ठी तथा सहमति निर्माण

यस पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योगना तर्जुमा सम्बन्धमा भएका निर्णय, योजना तर्जुमा संबन्धी कार्यनिर्देश तथा योजना तर्जुमा निर्देशिका बमोजिम नगरपालिका स्तरीय अभिमुखिकरण गोष्ठी तथा सहमति निर्माण कार्यशाला गोष्ठी मिति २०७६ साल कार्तिक ३० गते सम्बन्धित सबै पक्षबीच आपसी सरसल्लाह र समझदारी कायम गरी योजना तर्जुमा प्रक्रियालाई अगाडि बढाईएको थियो। उक्त कार्यशाला गोष्ठीको आयोजना पालिकाले गरेको थियो भने सहजिकरण सम्बन्धित विषय विज्ञद्वारा गरिएको थियो। गोष्ठीमा विद्यमान अवस्थामा योजनाको आवश्यकता, योजना तर्जुमा प्रक्रिया, सरोकारवालाको भूमिका तथा योजना निर्माणका लागि आवश्यक तथ्यांकबारे छलफल गरी योजना तर्जुमा कार्यतालिका समेत तयार गरी छलफल गरिएको थियो। खासस्व योगना तर्जुमा कार्यमा सहयोग तथा समन्वयको लागि सोहि अभिमुखिकरण गोष्ठीमा पालिका स्तरीय पाँच सदस्यीय कार्यदल र संयोजक ( सम्पर्क व्यक्ति) मनोनयन गरिएको थियो।

### १.६.३ तथ्याङ्क संकलन तथा लेखाजोखा

विषयगत तथ्याङ्क संकलनका लागि NWASH Apps को प्रयोग गरिएको थियो र यस Apps मा समावेस गरिएका बाह्र NWASH/MIS Based Apps मा समाबेस आवश्यक चेकलिष्ट तथा प्रश्नावली अनुसार फिल्ड सर्वेक्षण तथा विभिन्न निकाय, संघ-संस्था र विषयगत क्षेत्रबाट आवश्यक तथ्याङ्क संकलन गराइएको थियो। यस क्रममा अपुग तथा पर्याप्त हुन नसकेका तथ्यांक तथा सूचनाका लागि परामर्शदातृ संस्थाका विज्ञ टोलीले संबन्धित कार्यालय र संघ-संस्थामा भेटघाट गरी सम्बन्धित पदाधिकारी र कर्मचारीहरुसँग छलफल गरी आवश्यक तथ्यांक संकलन गरिएको थियो। फिल्ड सर्वेक्षणको माध्यमबाट तथ्याङ्क/सूचना संकलनका लागि गणकहरुलाई NWASH MIS सम्बन्धि तीन दिने प्रशिक्षण दिइएको थियो। यो प्रशिक्षणमा NWASH MIS मा प्रयोग हुने १२ वटा Apps को गणकलाई व्यावहारिक अभ्यास पनि गरीएको थियो। NWASH MIS मा प्रयोग हुने १२ वटा Apps हरु मध्ये प्रमुख एउटा NWASH Inventory पूर्ण प्राविधिक भएकोले यसका प्रशिक्षार्थी गणकहरु पनि प्राविधिक पृष्ठभूमिकै छानिएको थियो र आवश्यक सूचना र तथ्याङ्कहरु संकलन गरिएको थियो।

### १.६.४ तथ्याङ्ढ प्रशोधन, विश्लेषण र मस्यौदा तयारी

विभिन्न माध्यमबाट संकलित सूचना र तथ्याङ्कहरुको पुनरावलोकन गरि तथ्याङ्कहरुको संहिता र प्रारम्भिक फिल्ड प्रतिवेदन तयार पारिएको थियो र विज्ञहरुको सहयोगमा प्रशोधन तथा विस्तृत बिश्लेषण गरि यस नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति वर्तमान स्थितिको मौजुदा स्थितिको पहिचान गरि आधार रेखा तयार पारिएको छ। तत्पश्चात, वार्ड स्तरीय छलफल र परामर्श गोष्ठीबाट प्रमाणीकरण भएको तथ्याङ्क र सूचनाको आधारमा खासस्व योजना तर्जुमा खाँका अनुसार मस्यौदा खासस्व योजना तयार पारिएको थियो। यो मस्यौदा यस पालिका जनप्रतिनिधि, कार्यपालिका, कार्यकारी, प्राविधिकहरु, कार्यदल सहित स्थानीय तहमा कार्यरत खासस्व क्षेत्रका सरोकारवाला संस्थाका प्रतिनिधिहरु सहित उपस्थित एक दिने गोष्ठीको आयोजना गरि सो मस्यौदा योजना प्रस्तुत गरिएको थियो। सो गोष्ठीमा खासस्व योजनाको बुँदागत छलफल गरि उपस्थित सहभागीहरुको सुझाव,

पृष्ठपोषण प्राप्त गरी मस्यौदा योजनामा समावेश गरीएको थियो । साथै, वार्ड स्तरमा प्राप्त अल्पकालिन, मध्यकालिन, दीर्घकालिन आयोजनाहरुलाई प्राथमीकीकरणका लागि सो गोष्ठीमा सहजीकरण गरिएको थियो । प्रथामीकीकरणमा परेका ती आयोजनाहरुलाई कसरी आगामी योजनाम्मा कसरि समावेश गर्ने भन्ने वारे गोष्ठीबाट सुझाव ग्रहण गरी ती सबै सुझाव र गोष्ठीको कार्य विवरणको अभिलेखिकरण गरी योजना प्रतिवेदनमा संलग्न गरिएको छ । अत: पालिका स्तरीय गोष्ठीबाट प्राप्त सुझाव, पृष्ठपोषण र आयोजनाहरुको प्राथमीकीकरणको आधारमा यस पालिकाको पहिलो खासस्व योजनाको रुपमा तयार गरी प्रस्तुत गरिएको छ ।

### १.६.५ खासस्व योजना प्रमाणीकरण गोष्ठी

यो योजना तर्जुमाका विभिन्न चरण तथा प्रक्रियाबाट प्राप्त उपलब्धीलाई अन्तिम रुप दिन पालिका स्तरीय योजना प्रमाणीकरण कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । गोष्ठीमा आवधिक तर्जुमाको दिशानिर्देश गर्ने विषयगत प्रतिनिधि, विषयगत निकायका प्रतिनिधि, संघ-संस्थाका प्रतिनिधि, नीजि क्षेत्र, लक्षित वर्गको सक्रिय सभागिता रहेको थियो । गोष्ठीमा प्रस्तावित खानेपानी तथा सरसफाइका दुरदृष्टि, परिलक्ष्य, लक्ष्य, रणनीति, अन्य विकासका साझेदारहरुको संलग्नता, पालिकाको खासस्व कार्यक्रमहरुको बजेट, जलवायु परिवर्तनका असर र अनुकुलन योजना, विपद व्यवस्थापनका योजना, संस्थागत क्षमता सम्बन्धि छलफलका अलावा प्राप्त सूचना र तथ्याङ्कहरुको पुष्टिकरण गर्ने कार्य गरिएको थियो । यो योजना दस्तावेजको वैधानिक आधारका लागि सरोकार निकायबाट प्राप्त सुझाव र पृष्ठपोषणलाई समायोजन गरी योजना विज्ञ टोलीद्वारा यो योजना दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको छ ।

### १.६.६ खासस्व योजना तयारी तथा सार्वजनिकिकरण

यो खासस्व योजना यस पालिकाको बैठकबाट कार्यान्वयनको प्रतिबद्धता सहित स्वीकृत गरी आगामी सभाबाट पास गर्ने गरी प्रमाणीकरण र सार्वजनिकिरण गरिएको छ । यसका साथै खासस्व क्षेत्रको यो योजनामा आधारित भई यस पालिकाको बार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा गरी यो योजना कार्यान्वयन गरिनेछ । ऐन नियम तथा नीतिगत व्यवस्था तथा निर्धारित ढाँचा अनुसार खासस्व योजनाको नतिजामूलक अनुगमन तथा मूल्याकंन गरी प्रतिवेदन तयार गर्ने तथा सिकाईको अभिलेखन तथा योजना अद्यावधिक कार्यमा प्रयोग गरिनेछ ।

# परिच्छेद २:
# पालिकाको वस्तुगत विवरण

## २.१ नगरपालिकाको संक्षिप्त भौगोलिक अवस्थिति र बनोट

कर्णाली प्रदेशको कालिकोट जिल्लामा पर्ने नौ स्थनीय तह - सात गाउँपालिका र दुई नगरपालिका मध्य यो खाँडाचक्र नगरपालिका एक हो। नेपालको मध्यपश्चिम क्षेत्रमा अवस्थित यो नगरपालिकाको सिमानामा पूर्वमा तिलागुफा न. पा., पश्चिममा नरहरिनाथ गा.पा., उतरमा पचालझरना र सन्नीत्रिवेणी गा.पा. र दक्षिणमा कालिका र महबौ गा.पा. पर्दछन्। भौगोलिक क्षेत्र र वनौटको हिसावले यो नगरपालिका पहाडी क्षेत्रमा पर्दछ। संवैधानिक व्यवस्था बमोजिम गाउँ विकास समितिलाई बिस्तार गरेर बनाइएको नेपालको नयाँ निर्मित स्थानीय प्रशासनिक एकाईको आधारमा यो खाँडाचक्र नगरपालिका साबिकका मान्म, दांहा, पांखा, भर्ता र बदालकोट गाविसका वडाहरु समाबेस गरि बनेको हो र यसमा ११ नगरका वडा संख्या रहेका छन्। यस नगरपालिकाको  प्रशासनिक बिभाजन तलको तालिकामा प्रस्तुत गरिएको छ।




नक्शा १ इलाका र वडा विभाजन देखिने नगरपालिकाको नक्शा

तालिका नं २.१: नगरपालिकाको वडा बिभाजन विवरण

| वडा नं | साविक गा.वि.स. हरु र वाड नं | वडा नं | साविक गा.वि.स. हरु र वाड नं |
|---|---|---|---|
| १ | मान्म ५ | ७ | दांहा ८ र ९ |
| २ | मान्म १ देखि ४ र भर्ता ८ | ८ | पांखा १ देखि ४ |
| ३ | मान्म ८ र ९ | ९ | पांखा ५ देखि ७ |
| ४ | मान्म ६ र ७ | १० | पांखा ८ र ९ |
| ५ | दांहा १ देखि ३ | ११ | बदालकोट १ र ३ |
| ६ | दांहा ४ देखि ७ | | नगरका वडा संख्या: ११ |

श्रोत: नगरपालिका प्रोफाईल, २०७५

## २.२ भू–उपयोग सम्बन्धी विवरण

यो खाँडाचक्र नगरपालिकाको भू–क्षेत्र विवधतायुक्त छ। नगरको लेख खण्ड केहि पहाडी भू–भागमा हिउँ पर्ने देखि कर्णाली नदी किनारमा वेशीहरु पनि रहेका छन्। यसनगरपालिकाको भू–क्षेत्र भिरालो रहेको देखिन्छ। यस नगरपालिकाको अधिकांश भू–भाग चट्टानले ढाकेको छ भने केहि भू–भाग घाँसे भीरपाखा  तथा चरन क्षेत्रको रुपमा रहेको छ। यस नगरपालिकामा खेतीयोग्य जमिनको

अभाव छ। प्राकृतिक श्रोत साधन विशेष गरी बहुमुल्य तथा प्रशिद्ध जडिबुटी, र सांस्कृतिक तथा धार्मिकस्थल पन्चदेवल मन्दिर यस नगरपालिकाकाको विकासका संभाव्य श्रोतहरु हुन् र यी क्षेत्रहरुको विकास र व्यवस्थापनमा लगानी गरेर मात्र नगरको विकासलाई गति दिन सकिन्छ। खाँडाचक्र नगरपालिकाको भू–उपयोगको स्थिति तलको तालिकाबाट प्रष्ट पर्न सकिन्छ।

## २.३ पहुंच

### २.३.१ प्रमुख बजार केन्द्रहरु

यस खाँडाचक्र नगरपालिकाका प्रमुख बजार केन्द्र र अवस्थाको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं २.२: बजार सम्बन्धी विवरण

| क्र.सं. | प्रमुख बजार केन्द्रहरु | बजारको अबस्था |
|---|---|---|
| १. | मन्म | सेवामा आधारीत उद्यमविकास तुलानात्मक रुपमा राम्रो भएको, कृषिमा आधारीत उद्यम ( तरकारी, बाखा, मौरी, स्याउ, खुसार्नि पाउडर, च्याउ, सिमि, भौसि/गाई पालन ) ब्याबसायले उचित बजार पाएको |
| २. | पीली | सेवामा आधारीत उद्यम विकास तुलानात्मक रुपमा राम्रो भएको,कृषि आधारीत उद्यम ( तरकारी, बाखा, स्याउ,खुसार्निपाउडर, च्याउ, सिमि, भौसि/गाई पालन ) ब्याबसायलेउचित बजार पाएको |
| ३ | जिते खुलालु | सेवामा आधारीत उद्यमविकास तुलानात्मक रुपमा राम्रो भएको,कृषि आधारीत उद्यम ( तरकारी, बाखा, स्याउ, खुर्सानिपाउडर, च्याउ, सिमि, भैसि/गाई पालन ) ब्याबसायले उचितबजार पाएको |
| ४ | पादमघाट | कृषि र बनमा आधारीत उद्यम बढि र सेवामा आधाित उद्यम कमभएको उद्यम विकास ब्यावसाहिक नभएमाको तथा उत्पादीत वस्तुले पनि उचित बजार नपाएको |

श्रोत: नगरपालिका प्रोफाईल, २०७५

### २.३.२. नगरपालिका भित्रका बजारको अवस्था

यस खाँडाचक्र नगरपालिका क्षेत्रमा रहेका बजारको विवरण देहाय बमोजिम रहेको छ।

**तालिका नं. २.३ बजार सम्बन्धी विवरण**

| वस्ती | नजिकको स्थायी किसिमको वजार | | वार्ड भित्र लाग्ने हाट वजार | | |
|---|---|---|---|---|---|
| | वजार रहेको स्थान | वस्ती देखि दूरी | बजार लाग्ने ठाउँको नाम | वजार लाग्ने दिन (वार) | वस्ती देखि दूरी |
| चौखेखोला | ताडी | १ (कि.मी.) | ताडी बजार | | १ (कि.मी.) |
| | चौखेखोला बजार | ३ (कि.मी.) | चौखेखोला | | |
| | तेसौबाटा | १ (कि.मी.) | | | |
| | मोल्फा | १(कि.मी.) | | | |
| | विहानी | १ (कि.मी.) | | | |
| मान्मा | मान्मा | ३ (कि.मी.) | जिल्ला समन्वय समिति | सानिबजार | ३ (कि.मी.) |
| पाखा | बसन्तपुर | सगैजोडीएको | बसन्तपुर | नियमित | ० |
| दुम्र | मोल्फा | ७(कि.मी.) | | | |
| सेरा | मोल्फा | ५ (कि.मी.) | | | |

श्रोत: नगरपालिका प्रोफाईल, २०७५

### २.३.३ स्वामित्वको आधारमा घरकोविवरण

यस नगरपालिकाका ८८.२४ प्रतिशतको संख्या निजि घरमा बसोबास गर्दै आएका छन् भने जम्मा १०.८२ को घरधुरी संख्या घर भाडामा बसेको पीएको छ । यस बाहेक वडागतरुपमा स्वामित्वको आधारमा घरपरिवार संख्या ट सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं.२.४ स्वामित्वको आधारमा बसोवास गर्ने घरको प्रकार**

| वडा | घ.धु सं | निजि | | भाडामा | | संस्थागत | अन्य | |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | संख्या | प्रतिशत |
| १ | ९६३ | ५७९ | ६०.१२ | ३८२ | ३९.६७ | ० | २ | ०.२१ |
| २ | ५९६ | ५८४ | ९७.९९ | ५ | ०.८४ | ० | ८ | १.३४ |
| ३ | २२६ | २२६ | १००.०० | ० | ०.०० | ० | ० | ०.०० |
| ४ | २६७ | २६५ | ९९.२५ | १ | ०.३७ | ० | १ | ०.३७ |
| ५ | ३६८ | ३६२ | ९८.३७ | ५ | १.३६ | ० | १ | ०.२७ |
| ६ | ३७२ | ३७२ | १००.०० | ० | ०.०० | ० | ० | ०.०० |
| ७ | १३१ | १३० | ९९.२४ | १ | ०.७६ | ० | ० | ०.०० |
| ८ | २६७ | २४८ | ९२.८८ | १ | ०.३७ | ० | १८ | ६.७४ |
| ९ | २०१ | १९६ | ९७.५१ | ० | ०.०० | ० | ५ | २.४९ |
| १० | १५९ | १५९ | १००.०० | ० | ०.०० | ० | ० | ०.०० |
| ११ | १६५ | १५८ | ९५.७६ | ७ | ४.२४ | ० | ० | ०.०० |
| **जम्मा** | **३७१६** | **३२७९** | **८८.२४** | **४०२** | **१०.८२** | **०** | **३५** | **०.९४** |

श्रोत: नगरपालिका प्रोफाईल, २०७५

## २.४ आधारभूत जानसाँख्यिक चरित्र

### २.४.१ घरधुरीको आधारमा जनसंख्या विवरण

आधारभुत सुचना तथा नगरको घरधुरी सर्भेक्षण २०७५ का अनुसार यस नगरको कूल २२४८५ जनसंख्या मध्ये ११६७० पुरुष र १०८१५ महिला रहेका छन् । कूल घरधुरी ३७१६ मध्ये सबै भन्दा बढी घरधुरी वडा नं. ०१ मा घ.धु. संख्या ९६३ रहेको छ। जस्मा पुरुष घरमुली संख्या ८७९ र महिला घरमुली संख्या ८४  रहेको छ। त्यसै गरी सबै भन्दा कम घरधुरी वडा नं. ०७ मा घ.धु. संख्या १३१ रहेको छ । यस नगरपालिकाको औसत परिवारको आकार ५.५ रहेको पाइन्छ । यस जनसंख्या सम्बन्धी थप विवरण देहाय बमोजिम रहेको छ।

**तालिका नं २.५: घरधुरीको आधारमा जनसंख्या विवरण**

| वडा नं. | घरधुरी | जनसंख्या- घरधुरी सर्भेक्षण २०७५ | | | | परिवारको आकार | लैंगिक अनुपात | घरमुली अनुसार घरधुरी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | प्रतिसत | | | महिला | पुरुष |
| **१** | ९६३ | २२५८ | २४४७ | **४७०५** | २०.९३ | ४.५ | १०८.३७ | ८४ | ८७९ |

| वडा नं. | घरधुरी | जनसंख्या- घरधुरी सर्भेक्षण २०७५ | | | | परिवारको आकार | लैंगिक अनुपात | घरमुली अनुसार घरधुरी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | प्रतिसत | | | महिला | पुरुष |
| २ | ५९७ | १८११ | १९५० | **३७६१** | १६.७३ | ५.२ | १०७.६८ | १२१ | ४७६ |
| ३ | २२६ | ७२० | ७७७ | **१४९७** | ६.६६ | ४.८ | १०७.९२ | २० | २०६ |
| ४ | २६७ | ८६४ | ८९९ | **१७६३** | ७.८४ | ५.४ | १०४.०५ | १५ | २५२ |
| ५ | ३६८ | ११०२ | ११६९ | **२२७१** | १०.१० | ५.६ | १०६.०८ | ४९ | ३१९ |
| ६ | ३७२ | ११४६ | १३९६ | **२५४२** | ११.३१ | ५.८ | १२१.८२ | ६७ | ३०५ |
| ७ | १३१ | ४२६ | ४२९ | **८५५** | ३.८० | ६.४ | १००.७० | ४१ | ९० |
| ८ | २६७ | ८२६ | ९१८ | **१७४४** | ७.७६ | ६.४ | १११.१४ | ४२ | २२५ |
| ९ | २०१ | ६१७ | ६४० | **१२५७** | ५.५९ | ६.३ | १०३.७३ | ४१ | १६० |
| १० | १५९ | ५१६ | ५२८ | **१०४४** | ४.६४ | ७.९ | १०२.३३ | १४ | १४५ |
| ११ | १६५ | ५२९ | ५१७ | **१०४६** | ४.६५ | ६.२ | ९७.७३ | ३३ | १३१ |
| **जम्मा** | **३७१६** | **१०८१५** | **११६७०** | **२२४८५** | १००.०० | **५.५** | **१०७.९१** | **५२७** | **३१८८** |

श्रोत: नगरपालिका प्रोफाईल, २०७५

## २.४.२: उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण

उमेर समुहगत रुपमा हेदा यस नगरपालिकामा १६–६० वर्ष समूहको जनसंख्या कूल जनसंख्याको ५४.७९ प्रतिशत रहेको छ। त्यसै गरी क्रमसः १४.७५ प्रतिसत ६ देखि १० वर्ष उमेर समूहको जनसंख्या, १३.७१ प्रतिसत ११ देखि १५ वर्ष उमेर समूहको जनसंख्यारहेको छ भने ५ वर्ष भन्दा कम उमेरका समूहको करिब १२.५१% रहेको छ। यसै गरी ज्येष्ठ नागरिकको रहेका ६१ वर्ष भन्दा माथिको जनसंख्या करिब ४.२३% रहेको छ भने ज्येष्ठ नागरिक अन्तर्गत पनि विशेष संरक्षणको आवश्यता पर्ने उमेर समूह ७५ वर्ष भन्दा माथिको जनसंख्या करिब ०.४८ % रहेको छ। उमेर तथा लिङ्गका आधारमा जनसंख्याको थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं २.६: विभिन्न उमेरगत जनसंख्याको विवरण**

| वडा नं. | ५ बर्ष सम्मका जम्मा | | | ६–१० बर्षका जम्मा | | | ११–१५ बर्षका जम्मा | | | १६–२४ बर्षका जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वालक | वालिका | जम्मा | वालक | वालिका | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | २६९ | २०४ | **४७३** | ३७१ | २९९ | **६७०** | ३०५ | ३०७ | **६१२** | ४६० | ४९२ | **९५२** |
| २ | २५७ | २२८ | **४८५** | ३११ | २६८ | **५७९** | २९९ | २६२ | **५६१** | ३५७ | ३६२ | **७१९** |
| ३ | १०५ | ९६ | **२०१** | ९९ | ९२ | **१९१** | ९६ | ८४ | **१८०** | १७६ | १६६ | **३४२** |
| ४ | १२८ | १२७ | **२५५** | १४३ | १५४ | **२९७** | १२६ | ११८ | **२४४** | १७३ | १४८ | **३२१** |
| ५ | १५६ | १४० | **२९६** | १९४ | १३९ | **३३३** | १६८ | १६८ | **३३६** | २०१ | २२६ | **४२७** |
| ६ | १९७ | १३४ | **३३१** | १९८ | १८२ | **३८०** | १९७ | १६१ | **३५८** | २६९ | २१८ | **४८७** |
| ७ | ४५ | ४२ | **८७** | ६३ | ६२ | **१२५** | ५५ | ५९ | **११४** | ८६ | ८० | **१६६** |
| ८ | १४२ | १२० | **२६२** | १४० | ११३ | **२५३** | ११४ | ११४ | **२२८** | १७८ | १६७ | **३४५** |

| वडा नं. | ५ बर्ष सम्मका जम्मा | | | ६–१० बर्षका जम्मा | | | ११–१५ बर्षका जम्मा | | | १६–२४ बर्षका जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वालक | वालिका | जम्मा | वालक | वालिका | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| ९ | ८६ | ८० | १६६ | ८८ | ८५ | १७३ | ९१ | ७३ | १६४ | १३७ | १३२ | २६९ |
| १० | ६४ | ६५ | १२९ | ८५ | ८६ | १७१ | ७६ | ६१ | १३७ | ९९ | ११४ | २१३ |
| ११ | ६५ | ६३ | १२८ | ७१ | ७३ | १४४ | ७४ | ७५ | १४९ | १०८ | ११० | २१८ |
| जम्मा | १५१४ | १२९९ | २८१३ | १७६३ | १५५३ | ३३१६ | १६०१ | १४८२ | ३०८३ | २२४४ | २२१५ | ४४५९ |
| प्रतिसत | ६.७३ | ५.७८ | १२.५१ | ७.८४ | ६.९१ | १४.७५ | ७.१२ | ६.५९ | १३.७१ | ९.९८ | ९.८५ | १९.८३ |

| वडा नं. | २५–४५ बर्षका जम्मा | | | ४६–६० बर्षका जम्मा | | | ६१–७५ बर्षका जम्मा | | | ७६ बर्ष माथि जम्मा | | | जम्मा संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | ८२१ | ७९६ | १६१७ | १८१ | ११८ | २९९ | ३८ | ४० | ७८ | २ | २ | ४ | २४४७ | २२५८ | ४७०५ |
| २ | ४७९ | ४७४ | ९५३ | १७९ | १५२ | ३३१ | ६४ | ५८ | १२२ | ४ | ७ | ११ | १९५० | १८११ | ३७६१ |
| ३ | १८३ | १७३ | ३५६ | ८२ | ६६ | १४८ | ३१ | ४० | ७१ | ५ | ३ | ८ | ७७७ | ७२० | १४९७ |
| ४ | २०७ | १९८ | ४०५ | ७५ | ६८ | १४३ | ४२ | ४५ | ८७ | ५ | ६ | ११ | ८९९ | ८६४ | १७६३ |
| ५ | २७३ | २६२ | ५३५ | १०२ | १०८ | २१० | ६६ | ५१ | ११७ | ९ | ८ | १७ | ११६९ | ११०२ | २२७१ |
| ६ | ३३६ | ३०१ | ६३७ | १३२ | ११३ | २४५ | ५७ | ३१ | ८८ | १० | ६ | १६ | १३९६ | ११४६ | २५४२ |
| ७ | ११७ | ११९ | २३६ | ३४ | ४० | ७४ | २४ | २१ | ४५ | ५ | ३ | ८ | ४२९ | ४२६ | ८५५ |
| ८ | २०२ | १९८ | ४०० | ८९ | ७० | १५९ | ४६ | ३७ | ८३ | ७ | ७ | १४ | ९१८ | ८२६ | १७४४ |
| ९ | १३३ | १४२ | २७५ | ६८ | ७३ | १४१ | ३२ | २८ | ६० | ५ | ४ | ९ | ६४० | ६१७ | १२५७ |
| १० | १२७ | ११३ | २४० | ४८ | ४३ | ९१ | २४ | ३३ | ५७ | ५ | १ | ६ | ५२८ | ५१६ | १०४४ |
| ११ | १२९ | १५८ | २८७ | ५० | ३० | ८० | १८ | १७ | ३५ | २ | ३ | ५ | ५१७ | ५२९ | १०४६ |
| जम्मा | ३००७ | २९३४ | ५९४१ | १०४० | ८८१ | १९२१ | ४४२ | ४०१ | ८४३ | ५९ | ५० | १०९ | ११६७० | १०८१५ | २२४८५ |
| प्रतिसत | १३.३७ | १३.०५ | २६.४२ | ४.६३ | ३.९२ | ८.५४ | १.९७ | १.७८ | ३.७५ | ०.२६ | ०.२२ | ०.४८ | ५१.९० | ४८.१० | १०० |

श्रोत: नगरपालिका प्रोफाईल, २०७५

### २.४.२ जातियताको आधारमा जनसंख्याको विवरण

यस नगरपालिकाको जातजाति समूह अनुसार जनसंख्या वितरण विष्लेषण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं.२.७: वडागत रुपमा जातजाति अनुसार जनसंख्या**

| वडा नं. | पहाडी दलित | मधेशी दलित | पहाडी जनजाती /आदीबासी | मधेशी जनजाती/ आदीबासी | पहाडी बाह्मण क्षेत्री/ठकुरी/ सन्यासी | मधेशी बाह्मणक्षेत्री/ राजपुत मुस्लिम | पहाडी अन्य | मधेशी अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १२३५ | ८ | ९ | ७ | ३४३७ | २ | १ | ६ | ४७०५ |
| २ | २१२४ | १ | ३ | ३ | १६२८ | २ | ० | ० | ३७६१ |

| वडा नं. | पहाडी दलित | मधेशी दलित | पहाडी जनजाती /आदीबासी | मधेशी जनजाती/ आदीबासी | पहाडी बाह्मण क्षेत्री/ठकुरी/ सन्यासी | मधेशी बाह्मणक्षेत्री/ राजपुत मुस्लिम | पहाडी अन्य | मधेशी अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | १५ | ० | ० | ३ | १४७८ | १ | ० | ० | १४९७ |
| ४ | १११२ | ० | ० | ० | ६४९ | ० | १ | ० | १७६२ |
| ५ | ५२२ | ० | ० | १ | १७४१ | ५ | १ | १ | २२७१ |
| ६ | ६२६ | ० | ० | ० | १९१५ | १ | ० | ० | २५४२ |
| ७ | ४३ | ० | ० | ० | ८०९ | ३ | ० | ० | ८५५ |
| ८ | ५१५ | ० | ० | १ | १२२७ | १ | ० | ० | १७४४ |
| ९ | २७५ | ० | ० | १ | ९८० | १ | ० | ० | १२५७ |
| १० | ३२३ | २ | १ | १ | ७१६ | १ | ० | ० | १०४४ |
| ११ | २४४ | ० | ० | ० | ८०० | १ | ० | १ | १०४६ |
| **जम्मा** | **१२३५** | **८** | **९** | **७** | **३४३७** | **१८** | **३** | **८** | **२२४८४** |
| **प्रतिशत** | ३१.२८ | ०.०५ | ०.०६ | ०.०८ | ६८.४० | ०.०८ | ०.०१ | ०.०४ | १०० |

श्रोत: नगरपालिका प्रोफाईल, २०७५

## २.४.३: भिन्न शारिरीक तथा मानसिक क्षमता भएका व्यक्तिहरुको जनसंख्याको विवरण

यस नगरपालिकाको अपांगताको आधारमा जनसंख्याको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। शारिरीक तथा मानसिक क्षमता भएका व्यक्तिहरुको जनसंख्यानगरको कुल जनसंख्याको ०.८४ प्रतिशत रहेको छ। जसमा शारिरीक अपाङ्गता भएकाहरुको संख्या सवै भन्दा वढी १०७ रहेको छ भने क्रमसःस्वर वोलाई वा वोल्न नसक्नेको संख्या २८, श्रवण दृष्टिविहिनको संख्या २१, दृष्टिविहिन र न्यून दृष्टिविहिनको संख्या १५, सुस्त श्रवणको समस्या भएका व्यक्तिको संख्या १२ र वौद्धिक अपांग सुस्त मनस्थिति भएकाको संख्या ६ रहेको छ। विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.८: अपाङ्गताको प्रकार अनुसार जनसंख्या विवरण**

| वडा नं | शारीरिक अपांग/ विकलाङ्ग | | | दृष्टिविहिन र न्यून दृष्टिविहिन | | | स्वर वोलाई वा वोल्न नसक्ने | | | सुस्त श्रवण | | | वौद्धिक अपांग सुस्त मनस्थिति | | | श्रवण दृष्टिविहिन | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु | म | ज | पु | म | ज | पु | म | ज | पु | म | ज | पु | म | ज | पु | म | ज | पु | म | ज |
| १ | ८ | ५ | १३ | ४ | ४ | ८ | २ | ३ | ५ | १ | २ | ३ | ० | ० | ० | ४ | ७ | ११ | १९ | २१ | ४० |
| २ | ६ | ४ | १० | ० | ० | ० | १ | १ | २ | २ | ० | २ | ० | ० | ० | १ | ० | १ | १० | ५ | १५ |
| ३ | १० | ६ | १६ | ० | ० | ० | १ | ० | १ | १ | १ | २ | १ | ० | १ | ० | १ | १ | १३ | ८ | २१ |
| ४ | १ | ५ | ६ | १ | १ | २ | २ | ४ | ६ | ० | ० | ० | १ | ० | १ | १ | ३ | ४ | ६ | १३ | १९ |
| ५ | ८ | ९ | १७ | ० | १ | १ | १ | ० | १ | ० | ३ | ३ | ० | ० | ० | १ | १ | २ | १० | १४ | २४ |
| ६ | ३ | ५ | ८ | ० | २ | २ | १ | १ | २ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ४ | ९ | १३ |
| ७ | ३ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ४ | ० | ४ |
| ८ | ४ | ६ | १० | ० | १ | १ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | ८ | १२ |
| ९ | ३ | ७ | १० | ० | ० | ० | ४ | ६ | १० | ० | ० | ० | ० | ० | ० | १ | १ | २ | ८ | १४ | २२ |

| वडा नं | शारीरिक अपांग/ विकलाङ्ग | | | दृष्टिविहिन र न्यून दृष्टिविहिन | | | स्वर वोलाई वा वोल्न नसक्ने | | | सुस्त श्रवण | | | वौद्धिक अपांग सुस्त मनस्थिति | | | श्रवण दृष्टिविहिन | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | ज | म | पु | ज | म | पु | ज | म | पु | ज | म | पु | ज | म | पु | ज | म | पु | ज |
| १० | २ | ० | **२** | ० | १ | **१** | ० | ० | **०** | ० | ० | **०** | १ | ० | **१** | ० | ० | **०** | ३ | १ | **४** |
| ११ | ५ | ७ | **१२** | ० | ० | **०** | ० | ० | **०** | २ | ० | **२** | ० | १ | **१** | ० | ० | **०** | ७ | ८ | **१५** |
| **जम्मा** | ५३ | ५४ | **१०७** | ५ | १० | **१५** | १२ | १६ | **२८** | ६ | ६ | **१२** | ४ | २ | **६** | ८ | १३ | **२१** | ८८ | १०१ | **१८९** |

श्रोत: नगरपालिका प्रोफाईल, २०७५

# परिच्छेद ३:
# पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति

## ३.१ खाँडाचक्र नगरपालिकाको खानेपानी स्थितिको पुनरावलोकन

### ३.१.१ पानीको प्राथमिक श्रोतहरु




यस नगरपालिकामा गरिईएको कूल ३११ नमुना घरधुरी सर्वेक्षण -२०७६ अनुसार कुल ६४.९७ प्रतिशत घरपरिवामा खानेपानी प्रणालीको धारा अर्थात् पाइपबाट वितरित खानेपानीको पहुँच पुगेको देखिन्छ जम्मा १.२० प्रतिसत मात्र जनसंख्या सुरक्षति श्रोतको पानी प्रयोग गर्ने गरेको पाईएको छ। पाइपबाट वितरित धाराको पानी उपलब्ध नभएका करिब ३२.६३ प्रतिसत घरपरिवारले असुरक्षित खानेपानीका प्राथमिक श्रोतहरु जस्तैः खोला, कूलो र अन्य श्रोतको पानी प्रयोग गर्ने गरेको पाईएको छ। विभिन्न पानीको श्रोत प्रयोग गर्ने तथा पाइपबाट वितरित पानीमा पहुँच भएका परिवारको विवरण माथि दिएको बार ग्राफ मा प्रस्तुत गरिएको छ।

### ३.१.२ खानेपानीका चालु योजनाहरु

खाँडाचक्र नगरपालिका क्षेत्रका शत प्रतिशत जनसंख्यालाई आधारभूत स्तरको खानेपानी सेवा पु-याउन एकीकृत तथा वडा गत योजना संचालन गर्नु पर्ने देखिन्छ। वडा अनुसार खानेपानीका चालु योजनाहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएकोछ।

**तालिका नं ३.१ मौजुदा खानेपानी प्रणालीहरुको विवरण**

| सि.न. | खानेपानी योजनाको नाम | वडा नं. | लाभान्वित घरधुरी | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|
| १ | रुता धैनेडी खा.पा | १ | १५ | ११४ |
| २ | मुग्रापाल्त खा.पा | १ | | ० |
| ३ | मान्म खाडााचक खा.पा | १ | १६८ | १६३२ |
| ४ | जडेलो (माथिल्लो सेरी) खा.पा. | २ | १० | ६१ |
| ५ | रुता धैनेडी खा.पा | २ | २० | १४८ |
| ६ | औल डाँडा कायगडा खा.पा | २ | ४ | ४० |
| ७ | खडी खोला गैरीकाप्ले | ३ | १५ | ९१ |
| ८ | खडी खोला जनजीवन | ३ | २० | २०० |
| ९ | खडीखोला खा.पा | ३ | १४ | ७० |
| १० | भेरा कन्देखोला खा.पा | ३ | २० | १६० |
| ११ | अडीपहडा खोपा खा.पा | ३ | | २८७ |
| १२ | खडीखोला खा.पा | ३ | १२ | ७० |
| १३ | रिडारी खा.पा | ४ | १२ | १२० |
| १४ | कट्ने खेत खा.पा | ४ | २० | २४१ |
| १५ | इमिल्या खा.पा | ४ | १२ | ९६ |
| १६ | मुलखोला खा.पा. | ८ | ० | ३०० |

| | | | | |
|---|---|---|---|---|
| १७ | मटला खा.पा. | ५ | १३९ | ११८० |
| १८ | दाहा खा.पा. | ५ | २४५ | १४७४ |
| १९ | विहानी खा.पा | ५ | १३ | ११६ |
| २० | वर्म खा.पा | ५ | ८ | ८६ |
| २१ | सितु खा.पा | ५ | १९ | १९२ |
| २२ | गर्से खोला खा.पा. | ६ | २२ | २१० |
| २३ | तल्लो नाउली खा.पा. | ६ | ६३ | ७४९ |
| २४ | मेजर पाखा खा.पा. | ७ | ९७ | ८९० |
| २५ | भेरा खोला तलसेरा खा.पा. | ७ | ४४ | ४४२ |
| २६ | घट्ट गाढ खा.पा. | ८ | ५० | ६२० |
| २७ | चुली आरु मुला खा.पा. | ८ | १९ | १२८ |
| २८ | बोहरा खा.पा. | ८ | ३२ | ३५७ |
| २९ | बजेडीमेल घर खा.पा | ८ | १ | ४ |
| ३० | बजेडी सेरावाडा खा.पा | ८ | १८ | १८० |
| ३१ | मुलखोला खा.पा | ४ | २२ | १३२ |
| ३२ | भिडदेव चिमगाँउ खा.पा | ८ | १० | ८५ |
| ३३ | छाडेगाडा  ओलिमुल स्कील | ९ | ५० | ४११ |
| ३४ | डीमु धाराखा  .पा. | १० | ५० | ५०० |
| ३५ | खिराउले खा.पा | १० | १४१ | १३८६ |
| ३६ | राहदेव खा.पा | १० | १९ | २२५ |
| ३७ | पानीखोला (जिम्जेडी) खा.पा | ११ | ६ | ५६ |
| ३८ | मालागाडा खा.पा. | ११ | ३१ | १९१ |
| ३९ | वजेडी खा.पा | ११ | ६ | २७ |
| ४० | बदालकोट खा.पा | ११ | ४ | ३० |
| ४१ | बर्बेडी खा.पा | ११ | २१ | १०६ |
| ४२ | राथाडाब खा पा | ५ | २८ | २८१ |
| | **जम्मा** | | १२१४ | १३६८८ |

### ३.१.३ खानेपानीको सेवाको पहुँच

यस पालिकाको क्षेत्रगत खानेपानी सेवाको पहुचको अवस्थालाई वडागतरुपमा खानेपानीको श्रोत र सेवा प्राप्त गर्ने घरधुरी तथा जनसंख्याको विवरण तलको तालिकामा विश्लेषणका गरिएको छ । नगरपालिकाको कूल ३७१६ घरपरिवार मध्ये सबै परिवारमा पाइपबाट वितरित खानेपानीको पहुँच पुगेको देखिदैन। यस नगरपालिकामा ३११ घरधुरीमा दिगो विकास लक्ष्यको आधारमा गरिईएको नमुना घरधुरी सर्वेक्षण -२०७६ को अनुसार खानेपानीको स्तर तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ३.२ खानेपानीको स्तर (दिगो विकास लक्ष्यको आधारमा)**

| खानेपानीको स्तर | सुरक्षित व्यवस्थित सेवा | आधारभूत सेवा | सीमित सेवा | सेवा छैन | जम्मा |
|---|---|---|---|---|---|
| प्रतिशत | ०% | ६४% | १०% | २६% | **१००%** |
| घरधुरी | ० | १९९ | ३१ | ८१ | **३११** |
| जनसंख्य | ० | १८६३ | ३३७ | ७२७ | **२९२९** |

सरसफाइ र स्वच्छता सम्बन्धि घरधुरि सर्वेक्षण २०७६ अनुसार यस नगरपालिकामा खानेपानीको गुणस्तरमा समेत सुधार ल्याउन निर्माण हुने नयाँ आयोजनामा समेत खानेपानीको गुणस्तरलाई मध्यनजर गरी आयोजना निर्माण तथा कार्यान्वयन गर्नु पर्ने देखिन्छ। वर्तमान अवस्थामा यस नगरपालिकाको खानेपानी सेवा स्तरको प्रतिसत विवरण तल चित्र ३.२ मा देखाईएको छ भने क्षेत्रगत रुपमा दैनिक खानेपानीको प्रयोग र पर्याप्तताको स्थिति चित्र ३.३ मा प्रस्तुत गरिएको छ।

चित्र ३.२ खानेपानी सेवाको स्तर




चित्र ३.३ खानेपानीको पर्याप्तता




### ३.१.४ पानीको गुणस्तर

चित्र ३.४ खानेपानीको शुद्धिकरण गर्ने घरघुरी




यस नगरपालिकामा गरिएको सरसफाइ र स्वच्छता सम्बन्धि घरधुरि सर्वेक्षण २०७६ अनुसार, खानेपानीको शुद्धिकरण नगरी उपभोग गर्ने घरघुरी ९३.९२ प्रतिसत देहिएको छ। त्यसैले, यस नगरपालिकामा पानी शुद्धिकरणका उपायहरु अवलम्बन र पानी शुद्दिकरण गरी उपभोग गर्नेको संख्या जम्मा १.२२% देखिन्छ। सबै मानिसको पहुँचमा मुहानको पानी उपलब्ध नहुने हुँदा अधिकांश सर्वसाधारणले सुरक्षित खानेपानी पिउन पाएका छैनन्, मानव स्वास्थ्यमा प्रत्यक्ष असर गर्ने खानेपानी नै शुद्ध नहुदा मानिसका लागि अत्यावश्यक शुद्ध पानीको समस्या अहिले चिन्ता र चासोको विषय बनेको छ।

### ३.१.५ हाल सम्म खानेपानी पहुँच नपुगेका बस्तीहरुको विवरण

खाँडाचक्र नगरपालिकाका ११ वडा मध्ये हाल सम्म खानेपानी सहज पहुँच नपुगेका समुदाय अनुसार जातिगत घरधुरी सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ३.३: खानेपानीको पहुँच नपुगेका बस्ती र घरधुरीको विवरण**

| समुदायको नाम | जम्मा घरधुरी | दलित धरधुरी | जनजाती घरधुरी | ब्राह्मण/क्षेत्री | अन्य |
|---|---|---|---|---|---|
| बदालकोट डाँडा | ३० | ० | ० | ३० | ० |
| दलित टोल | ५० | ५० | ० | ० | ० |
| आदिपहाड | २० | ० | ० | २० | ० |
| रेंगिल | ३५ | ० | ० | ३५ | ० |
| जिम्जेडी | १२ | १ | ० | ११ | ० |
| आसीकर्ने | ७० | ४० | ० | ३० | ० |
| गैरीगाँउ | ७० | ४० | ० | ३० | ० |
| घैनेडी | २०० | १०० | ० | १०० | ० |
| नरे पोरीपल्ली | ६० | ६० | ० | ० | ० |
| पोरीपल्ली | ३० | ३ | ० | २७ | ० |
| दर्जि टोल | १५ | १५ | ० | ० | ० |
| सियाला | ५२ | १ | ० | ५१ | ० |
| पलौना | २५ | ० | ० | २५ | ० |
| पोरीवाडा | ७ | ० | ० | ७ | ० |
| भाउरुकुना | ८ | ० | ० | ८ | ० |
| सिरुगाडा | १५ | ० | ० | १५ | ० |

श्रोत : NWASH, सर्बेक्षण,२०७६

### ३.१.५ खानेपानी योजनाहरुको सुचारुपन/कार्यक्षमता

**मौजुदा खानेपानी प्रणालीहरुको कार्यक्षमता तथा सुचारुपन**

यस नगरपालिकामा गिएको मौजुदा खानेपानी प्रणालीहरुको कार्यक्षमता तथा सुचारुपन सम्बन्धि घरधुरि सर्वेक्षण २०७६ अनुसार, निर्माण सम्पन्न र निर्माणाधिन सम्पूर्ण आयोजनाहरुमा संचालन तथा मर्मत सम्भारका लागि कोषको आभावका कारण खासै पहल भएको देखिदैन। तसर्थ यी खानेपानी आयोजनाको मर्मत सम्भार कोषको स्थापना गरि आवश्यक खानेपानी आयोजनाको दिगोपनामा जोड दिनु पर्ने देखिएको छ। यस नगरपालिका क्षेत्रभीत्र कुल ४२ मौजुदा खानेपानी आयोजना/प्रणालीहरु छन्। यी आयोजना संचालनको शुरुवाती अवस्थामा उपभोक्ता समितिहरु सक्रिय हुने र केहि समय पश्चात् समितिहरु निष्कृय हुने अवस्थाले आयोजनाको संचालन तथा मर्मत सम्भारका लागि समितिहरुबाट कुनै पहल नभएको देखिन्छ। सुचारुपनका लागि जोखिमको स्तरीकरण तथा सुचारुपनको प्राप्ताकंका आधारमा यस नगरपालिकामा रहेका आयोजनाको दिगोपनाका वर्गिकरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ३.४: प्राप्ताकंका आधारमा योजनाहरुको दिगोपनाका वर्गिकरण**

| जम्मा प्राप्ताक | सुचारुपनका लागि जोखिमको स्तर | योजना संख्या / वटा |
|---|---|---|
| ७० भन्दा बढि | कम जोखिम वा जोखिममा छैन | ३० |
| ६० देखि ७० | केहि जोखिम | ३ |
| ६० भन्दा कम | बढि जोखिम | ३२ |

श्रोत: सरसफाइ र स्वच्छता सम्बन्धि घरधुरि सर्वेक्षण २०७६

नगरपालिका क्षेत्रभीत्रका मौजुदा खानेपानी आयोजना प्रणालीहरुको सम्पुर्ण संरचनाहरु र पाइपलाइन समेतको भू–सान्दर्भिक सूचना तथा तथ्यांक संकलनको लागि गरिएको सर्वेक्षण २०७६ अनुसार जोखिमको स्तरीकरणको प्राप्तांक सहित वडागत खानेपानी योजनाको नामहरु तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ३.५: जोखिमको स्तरीकरण सहित वडागत खानेपानी योजनाको नाम**

| सि.नं. | खानेपानी योजनाको नाम | वडा नं. | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | रुता धैनेडी खा.पा | १ | ३९ | बढि जोखिम |
| २ | मुग्रापाल्त खा.पा | १ | ४० | बढि जोखिम |
| ३ | मान्म खाडााचक खा.पा | १ | ५८ | बढि जोखिम |
| ४ | जडेलो (माथिल्लो सेरी) खा.पा. | २ | ४२ | बढि जोखिम |
| ५ | रुता धैनेडी खा.पा | २ | ३४ | बढि जोखिम |
| ६ | औल डाँडा कायगडा खा.पा | २ | ७५ | |
| ७ | खडी खोला गैरीकाप्ल | ३ | ४२ | बढि जोखिम |
| ८ | खडी खोला जनजीवन | ३ | ८२ | |
| ९ | खडीखोला खा.पा | ३ | ४२ | बढि जोखिम |
| १० | भेराकन्देखोला खा.पा | ३ | ८२ | |
| ११ | अडीपहडा खोपा खा.पा | ३ | ९६ | |
| १२ | खडीखोला खा.पा | ३ | ८२ | |
| १३ | रिडारी खा.पा | ४ | ७५ | |
| १४ | कट्ने खेत खा.पा | ४ | ७५ | |
| १५ | इमिल्या खा.पा | ४ | ७७ | |
| १६ | मुलखोला खा.पा. | ८ | १७ | बढि जोखिम |
| १७ | मटला खा.पा. | ५ | ८२ | |
| १८ | दाहा खा.पा. | ५ | ३० | बढि जोखिम |
| १९ | विहानी खा.पा | ५ | ६२ | |
| २० | वर्म खा.पा | ५ | ३० | बढि जोखिम |
| २१ | सितु खा.पा | ५ | ७२ | |
| २२ | गर्से खोला खा.पा. | ६ | ३५ | बढि जोखिम |
| २३ | तल्लो नाउली खा.पा. | ६ | ७२ | |
| २४ | मेजर पाखा खा.पा. | ७ | ८२ | |
| २५ | भेरा खोला तलसेरा खा.पा. | ७ | ७२ | |
| २६ | घट्ट गाढ खा.पा. | ८ | ३५ | बढि जोखिम |
| २७ | चुली आरु मुला खा.पा. | ८ | ७५ | |
| २८ | बोहरा खा.पा. | ८ | ७५ | |
| २९ | बजेडीमेल घर खा.पा | ८ | ७५ | |
| ३० | बजेडी सेरावाडा खा.पा | ८ | ३५ | बढि जोखिम |
| ३१ | मुलखोला खा.पा | ४ | ४२ | बढि जोखिम |
| ३२ | भिडदेव चिमगाँउ खा.पा | ८ | ३५ | बढि जोखिम |
| ३३ | छाडेगाडा ओलिमुल स्कील | ९ | २० | बढि जोखिम |
| ३४ | डीमु धारा खा.पा. | १० | ८९ | |

| सि.नं. | खानेपानी योजनाको नाम | वडा नं. | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| ३५ | खिराउले खा.पा | १० | ८९ | |
| ३६ | राहदेव खा.पा | १० | ९६ | |
| ३७ | पानीखोला (जिम्जेडी) खा.पा | ११ | ७२ | |
| ३८ | मालागाडा खा.पा. | ११ | ६५ | केहि जोखिम |
| ३९ | वजेडी खा.पा | ११ | ७२ | |
| ४० | बदालकोट खा.पा | ११ | ७२ | |
| ४१ | बर्बेडी खा.पा | ११ | ७२ | |
| ४२ | राथाडाब खा पा | ५ | ८२ | |

श्रोत: सरसफाइ र स्वच्छता सम्बन्धि घरधुरि सर्वेक्षण २०७६

## ३.२ संस्थागत (शैक्षिक संस्था र स्वास्थ्य संस्था) खानेपानी सुविधा

### ३.२.१ स्वास्थ्य संस्थाहरुमा खानेपानी सुविधाको अवस्था

यस नगरपालिका क्षेत्र भित्र अवस्थित स्वास्थ्य संस्थाहरुको खासस्व अवस्थाको मौजुदा स्थिति आंकलन सर्वेक्षण २०७६ अनुसार नियमित खानेपानी सेवा उपलब्ध भए नभएको विवरण स्वास्थ्य संस्थाको नाम सहित तला प्रस्तुत गरिएको छ ।

**तालिका नं ३.६: स्वास्थ्य संस्थाहरुमा खानेपानी सुविधाको अवस्था**

श्रोत: सरसफाइ र स्वच्छता सम्बन्धि घरधुरि सर्वेक्षण २०७६

| वडा नं | स्वास्थ्य संस्थाको नाम | नियमित खानेपानी सेवा उपलब्ध भएको | २४ सै घण्टा खानेपानीको उपलब्धता |
|---|---|---|---|
| १ | बिस्ट मेडिकल एण्ड स्वास्थ किल्निक | छ | हुन्छ |
| २ | गुराँस मेडिकल हल | छ | हुँदैन |
| ३ | चन्खेली फार्मा अथवा स्वास्थ किलिनिक | छ | हुँदैन |
| ४ | जिल्ला अस्पताल | छ | हुन्छ |
| ५ | शाही मेडिकल हल | छ | हुँदैन |
| ६ | आधारभूत स्वास्थ केन्द्र | छैन | |
| ७ | दाहा स्वास्थ्य चौकी | छ | हुन्छ |
| ८ | आधारभुत स्वास्थ्य तथा सरसफाइ कार्यालय, पिली | छ | हुन्छ |
| ९ | स्वास्थ्य चौकी पांखा | छैन | |
| १० | आधारभुत स्वास्थ्य तथा सरसफाइ कार्यालय चौकी | छैन | |
| ११ | स्वास्थ्य चौकी पांखा | छैन | |
| १२ | आधारभुत स्वास्थ्य तथा सरसफाइ कार्यालय चौकी | छ | हुन्छ |
| १३ | सामुदायिक स्वास्थे ईकाइ बदालकोट | छ | हुँदैन |

## ३.३ शैक्षिक संस्थाहरुमा खानेपानी सुविधाको अवस्था




यस नगरपालिका क्षेत्रभित्रका सार्वजनिक, संस्थागत वा अन्य विद्यालयहरुमा पानीको उपलब्धताको मौजुदा अवस्थाको सर्वेक्षण २०७६ को तथ्यांक अनुसार जम्मा ६१.५४ प्रतिसत विद्यालयहरुमा खाने पानीको उपलब्ध भएको र बाँकि ३८.४६ प्रतिसतमा पानीको उचित रुपमा उपलब्धता नभएको देखिन्छ।




पानीको उपलब्धता भएका विद्यालयहरुमा पनि सबैको पहूँच सहितको पिउने र सरसफाइका लागि सुरक्षित र पर्याप्त पानीको उपलब्ध नभएको देखिन्छ । यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा अपाङ्गता वा बिशेष सहयोग चाहिने ब्यक्तिहरुमा पानीको पहुँचको उपलब्धताको मौजुदा अवस्थाको सर्वेक्षण २०७६ को तथ्यांक अनुसार जम्मा ६९.५७% ले मात्र सजिलै संग पहूँच भएको देखिन्छ भने पहुँच नहुनेको संख्या २१% रहेको छ र अरुको सहयोग लिई पहुचमा रहेकाको संख्या ८.७०% रहेको छ। यस नगरपालिकामा रहेका शैक्षिक संस्थाहरुको वडा गत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ३.७: नगरपालिकामा रहेका शैक्षिक संस्थाहरुको वडा गत विवरण**

| | विद्यालय विवरण | | | तह | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वडा न | सामुदायिक | संस्थागत | जम्मा | वाल शिक्षा मात्र | आभारभुत तह (कक्षा ८ सम्म) | मावि तह | क्याम्पस/कलेज | जम्मा |
| १ | ४ | २ | ६ | ० | ५ | १ | ० | ६ |
| २ | ५ | ० | ५ | ० | ५ | ० | ० | ५ |
| ३ | ३ | १ | ४ | ० | २ | १ | १ | ४ |
| ४ | २ | ० | २ | ० | २ | ० | ० | २ |
| ५ | ५ | ० | ५ | ० | ४ | १ | ० | ५ |
| ६ | ४ | ० | ४ | ० | ३ | १ | ० | ४ |
| ७ | ३ | ० | ३ | ० | १ | २ | ० | ३ |
| ८ | ३ | ० | ३ | १ | ० | २ | ० | ३ |
| ९ | २ | ० | २ | १ | ० | १ | ० | २ |
| १० | १ | ० | १ | ० | १ | ० | ० | १ |
| ११ | ४ | ० | ४ | ० | २ | २ | ० | ४ |
| **जम्मा** | ३६ | ३ | ३९ | २ | २५ | ११ | १ | ३९ |

यस नगरपालिका क्षेत्र भित्र भएका १३ वटा स्वास्थया संस्थामा नियमित खानेपानी सेवा उपलब्ध सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ३.८: स्वास्थ्य संस्थामा खानेपानीको अवस्थाको विवरण**

| सि. नं | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको प्रकार | वडा नं | नियमित खानेपानी सेवा उपलब्ध भएको | २४ सै घण्टा खानेपानीको उपलब्धता | सुरक्षित श्रोतको खानेपानी सेवा उपलब्ध भएको |
|---|---|---|---|---|---|---|
| १ | बिस्ट मेडिकल एण्ड स्वास्थ किल्निक | हेल्थ केयर क्लिनिक | १ | छ | हुन्छ | छ |
| २ | गुराँस मेडिकल हल | हेल्थ केयर क्लिनिक | १ | छ | हुँदैन | छ |
| ३ | चन्खेली फार्मा अथवा स्वास्थ किलिनिक | हेल्थ केयर क्लिनिक | १ | छ | हुँदैन | छ |
| ४ | जिल्ला अस्पताल | हस्पिटल | १ | छ | हुन्छ | छ |
| ५ | शाही मेडिकल हल | हेल्थ केयर क्लिनिक | १ | छ | हुँदैन | छ |
| ६ | आधारभूत स्वास्थ केन्द्र | प्राइमरी हेल्थ केयर सेन्टर | २ | छैन | | छैन |
| ७ | आधारभूत स्वास्थ्य इकाइ | हेल्थ पोस्ट | ३ | छ | हुन्छ | छ |
| ८ | आधारभूत स्वास्थ सेवा केन्द्र | प्राइमरी हेल्थ केयर सेन्टर | ४ | छैन | | छैन |
| ९ | दाहा स्वास्थ्य चाौकी | हेल्थ पोस्ट | ५ | छ | हुन्छ | छ |
| १० | आधारभुत स्वास्थ्य तथा सरसफाई कार्यालय, पिली | प्राइमरी हेल्थ केयर सेन्टर | ७ | छ | हुन्छ | छ |
| ११ | स्वास्थ्य चौकी पांखा | हेल्थ पोस्ट | ९ | छैन | | छैन |
| १२ | आधारभुत स्वास्थ्य तथा सरसफाइ कार्यालय चौकी | हेल्थ पोस्ट | १० | छैन | | छैन |
| १३ | सामुदायिक स्वास्थे ईकाइ बदालकोट | प्राइमरी हेल्थ केयर सेन्टर | ११ | छैन | | छैन |

| सि. नं | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको प्रकार | पिउनका लागि शुद्धिकरण गरिएको | खानेपानीको गुणस्तर परिक्षण गरिएको | अपांगता भएको व्यक्तिहरुलाई खानेपानीको सुबिधा भएको | खानेपानी भण्डार सुबिधा भएको | खानेपानी नियमित सेवा नभए बैकल्पीक श्रोतको पहिचान भएको |
|---|---|---|---|---|---|---|---|
| १ | बिस्ट मेडिकल एण्ड स्वास्थ किल्निक | हेल्थ केयर क्लिनिक | गरिदैन | गरेको छैन | छैन | छैन | छैन |
| २ | गुराँस मेडिकल हल | हेल्थ केयर क्लिनिक | गरिदैन | गरेको छैन | छैन | छैन | छैन |
| ३ | चन्खेली फार्मा अथवा स्वास्थ किलिनिक | हेल्थ केयर क्लिनिक | गरिदैन | गरेको छैन | छैन | छैन | छैन |
| ४ | जिल्ला अस्पताल | हस्पिटल | संधै गरिन्छ | गरेको छैन | छ | छ | छैन |
| ५ | शाही मेडिकल हल | हेल्थ केयर क्लिनिक | गरिदैन | गरेको छैन | | छैन | छैन |
| ६ | आधारभूत स्वास्थ केन्द्र | प्राइमरी हेल्थ केयर सेन्टर | | | | छैन | |
| ७ | आधारभूत स्वास्थ्य इकाइ | हेल्थ पोस्ट | कहिले काहींमात्र गरिन्छ | थाह छैन | छैन | छैन | छैन |
| ८ | आधारभूत स्वास्थ सेवा केन्द्र | प्राइमरी हेल्थ केयर सेन्टर | | | | छैन | |
| ९ | दाहा स्वास्थ्य चाौकी | हेल्थ पोस्ट | संधै गरिन्छ | गरेको छ | छ | छ | छैन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | आधारभुत स्वास्थ्य तथा सरसफाई कार्यालय, पिली | प्राइमरी हेल्थ केयर सेन्टर | संधै गरिन्छ | गरेको छ | छ | छैन | छैन |
| ११ | स्वास्थ्य चौकी पांखा | हेल्थ पोस्ट | | | | छैन | |
| १२ | आधारभुत स्वास्थ्य तथा सरसफाइ कार्यालय चौकी | हेल्थ पोस्ट | | | | छैन | |
| १३ | सामुदायिक स्वास्थे ईकाइ बदालकोट | प्राइमरी हेल्थ केयर सेन्टर | | | | छैन | |

## ३.४ सरसफाइ तथा स्वच्छताको अवस्था

### ३.४.१ घरयासी सरसफाइ तथा स्वच्छताको अवस्था

जम्मा ३११ घरधुरीमा गरिएको घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था सर्वेक्षण २०७६ को तथ्यांकको आधारमा प्रक्षेपण गर्दा कुल घरधुरीको ७.८३ प्रतिसत घरधुरीमा सौचालय नभएको देखिएको छ भने पक्कि र कच्ची चर्पीको उपलब्ध भएका घरधुरी ९२.१७ प्रतिशत रहेको छ। चर्पीको किसिम अनुसार घरधुरी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.९: चर्पीको किसिम अनसार घरधुरी विवरण**

| वडा नं. | घरधुरी | नमुना घरधुरी सर्वेक्षण (३११)अनुसार | | | | नमुना घरधुरी सर्वेक्षण (३११) अनुसार प्रतिशत | | | जम्मा घरधुरीमा प्रक्षेपण गर्दा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सौचालय नभएको | कच्चि शौचालय | पक्कि शौचालय | जम्मा | सौचालय नभएको | कच्चि शौचालय | पक्कि शौचालय | सौचालय नभएको | कच्चि शौचालय | पक्कि शौचालय | जम्मा |
| १ | ९६३ | १ | ३ | २८ | ३२ | ३.१३ | ९.३८ | ८७.५० | ३० | ९० | ८४३ | ९६३ |
| २ | ५९७ | १० | ६ | २७ | ४३ | २३.२६ | १३.९५ | ६२.७९ | १३९ | ८३ | ३७५ | ५९७ |
| ३ | २२६ | १ | २ | २२ | २५ | ४.०० | ८.०० | ८८.०० | ९ | १८ | १९९ | २२६ |
| ४ | २६७ | ७ | १५ | ९ | ३१ | २२.५८ | ४८.३९ | २९.०३ | ६० | १२९ | ७८ | २६७ |
| ५ | ३६८ | ० | २४ | ६ | ३० | ०.०० | ८०.०० | २०.०० | ० | २९४ | ७४ | ३६८ |
| ६ | ३७२ | ० | १९ | ३ | २२ | ०.०० | ८६.३६ | १३.६४ | ० | ३२१ | ५१ | ३७२ |
| ७ | १३१ | ० | १० | १५ | २५ | ०.०० | ४०.०० | ६०.०० | ० | ५२ | ७९ | १३१ |
| ८ | २६७ | १ | ६ | १७ | २४ | ४.१७ | २५.०० | ७०.८३ | ११ | ६७ | १८९ | २६७ |
| ९ | २०१ | ६ | २२ | १ | २९ | २०.६९ | ७५.८६ | ३.४५ | ४२ | १५२ | ७ | २०१ |
| १० | १५९ | ० | ० | १७ | १७ | ०.०० | ०.०० | १००.०० | ० | ० | १५९ | १५९ |
| ११ | १६५ | ० | ३३ | ० | ३३ | ०.०० | १००.०० | ०.०० | ० | १६५ | ० | १६५ |
| जम्मा | ३,७१६ | २६ | १४० | १४५ | ३११ | ६.०७ | ३२.७१ | ३३.८८ | २९१ | १३७३ | २०५२ | |
| | | ८.३६ | ४६.६ | ४५ | १०० | | | | ७.८३ | ३६.९५ | ५५.२२ | १००.०० |

श्रोत: नगरपालिका प्रोफाईल, २०७४ तथा घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था सर्वेक्षण २०७६

यस नगरपालिकाको घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था सर्वेक्षण २०७६ को तथ्यांक अनुसार महिनावारी हुँदा महिला/किशोरीहरुले चर्पी प्रयोगको आवस्था, दिसा ब्यवस्थापनको स्थिति, घरेलु ठोस पदार्थ व्यवस्थापन, घर वरीपरीको सरसफाइ स्थिति, हात धुने सुविधा भए नभएको तथा सरसफाइको स्तर (दिगो विकाशं लक्ष्यको आधारमा) को विवरण विवरण देहायका वृतचित्रहरुमा प्रस्तुत गरिएको छ।



चित्र ३.७: घर वरीपरीको सरसफाईको अवस्था



चित्र ३.८: महिनावारी हुँदा चर्पीको प्रयोग



चित्र ३.९: साबुन पानीले हात धुने सुविधा

**सार्वजनिक र सामुदायिक शौचालय**

यस नगरपालिकाका महत्वपूर्ण सार्वजनिक क्षेत्रमा सार्वजानिक शौचालयहरुको निर्माण तथा व्यवस्थापन गर्नु अतिआवश्यक रहेको छ। नगरपालिका क्षेत्रका प्रमुख बजार तथा व्यापारिक स्थलहरुको सरसफाइको लागि थप सार्वजानिक शौचालयहरुको निर्माण गर्नु पर्ने देखिन्छ। यस नगरपालिकाको वडा नं १, बजार क्षेत्र जिरो पोइन्टमा रहेको सार्बजनिक शौचालयको अवस्था विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.१०: सार्वजनिक र सामुदायिक शौचालय विवरण**

| | |
|---|---|
| सार्वजनिक शौचालय कसले संचालन गरिरहेको छ? | नगर/गाउँ पालिका |
| सार्वजनिक शौचालय कहाँ अवस्थीत छ? | राजमार्ग/मूल बाटो छेउ |
| सार्बजनिक शौचालयमा कतिवटा कमोड अथवा प्यान छन्? | ६ |
| सार्बजनिक शौचालय प्रयोगमा छ? | छ |
| औसतमा दैनिक कतिजनाले सार्वजनिक शौचालय प्रयोग गर्छन? | १० |
| सार्वजनिक शौचालयमा पानीको उपलब्दता छ? | निरन्तर छैन |
| पानी कसरी उपलब्द भईराखेको छ ? | अन्य सुविधा भएको (बाल्टी, ड्रम वा अन्य कुनै सामग्रीमा जम्मा गरेको) |
| हात धुने स्थान छ ? | छैन |
| हताधुने स्थानमा साबुनको व्यवस्था छ ? | छैन |

| | |
|---|---|
| शौचालयमा चुकुल लगाउने व्यवस्था उचित छ? | छ |
| शौचालयमा ग्यास पाइप (भेण्टिलेशन) जडान गरेको छ ? | छैन |
| सार्वजनिक शौचालयमा सरसफाइको अवस्था कस्तो छ? | सहन सकिने खाल्को दुर्गन्ध |
| के शौचालय लैंगिक मैत्री छ? | छ |
| महिलाको लागी छुट्टै पिसाब घरको (urinal) व्यवस्था छ ? | छैन |
| पुरुषका लागी छुट्टै पिसाब घरको (urinal) व्यवस्था छ ? | छ |
| के शौचालय अपाङ्गता भएका व्यक्तिहरुले सहजै प्रयोग गर्न सक्छन? | सक्दैनन् |
| के शौचालय बालबालिकाहरुले सहजै प्रयोग गर्न सक्छन? | सक्छन |
| महिनावारी हुँदा प्रयोग हुने महिनावारी सामाग्री व्यबस्थापन गर्न के उपलब्ध छ? | छैन |
| के शौचालयमा महिनावारी हुँदा प्रयोग हुने प्याड उपलब्ध छ? | छैन |
| शौचालयको कनेक्सन कहाँ छ? | सेप्टिक ट्यांकीमा |
| दिसाजन्य लेदो पदार्थ बेवस्था गर्नु भन्दा पहिले प्रसोधन गर्ने ब्यावस्था छ? | छैन |
| मर्मत सम्भार कोषको व्यवस्था छ? | छैन |
| शौचालय प्रयोग गर्दा सुल्क तिर्नु पर्छ ? | पर्छ |
| शौचालय छेउमा पसल राख्ने स्थान छ? | छ |
| के पसल संचालनमा छ? | छ |

## घरायसी दिसाजन्य पदार्थ सरसफाइको अवस्था

घरधुरी सर्वेक्षण २०७५ अन्तर्गत फोहोरमैला विसर्जन विधि अनुसार कुहिने र नकुहिने वर्गीकरण गरी घरभित्र विसर्जन गर्ने ९८५ (२७%) घरधुरी संख्या रहेको छ भने निर्धारित स्थानमा फाल्ने घरधुरी संख्या २९१५ (७८%) रहेको छ। औसतमा प्रति परिवार प्रतिदिन विसर्जन हुने फोहोरमैला १.७३ केजी रहेको छ र अन्य फोहोरमैला विसर्जन विधि अपनाउनेको संख्या ८% रहेको छ। सरसफाइ तथा स्वच्छताका सम्वन्धमा गरिएको सर्वेक्षण २०७६ को तथ्यांक अनुसार घरायसी दिसाजन्य पदार्थ सरसफाइको अवस्था सम्वन्धी विस्तृत विवरण देहायको चित्रमा प्रस्तुत गरिएको छ।



### ३.४.२ शैक्षिक संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था

सरसफाइ तथा स्वच्छतासँग सम्बन्धित विभिन्न विषयहरु चर्पीको समुचित प्रयोग, व्यक्तिगत सरसफाइ, न्यूनतम आवश्यक तथा सुरक्षित पानीमा पहुँच तथा प्रयोग, सफा र स्वच्छ विद्यालय, ठोस तथा तरल फोहोरको व्यवस्थापन, ढल तथा मानव मलमुत्रीय फोहोर व्यवस्थापन, वातावरणीय सरसफाइ आदिलाई सुरक्षित विद्यालय वा शैक्षिक संस्थाको अवधारणाले समेट्नु पर्दछ। शिक्षा आर्जन गर्ने ठाउँमा सरसफाइ तथा स्वच्छताको आवस्था राम्रो हुनुले वहुपक्षीय प्रभाव राख्छ। मानिसको अधिकांश शारिरिक र मानसिक बृद्दि विकाश बाल्य अवस्थामा नै हुने भएकोले बालबालिकालाई सुरक्षित राख्न स्वस्थ विद्यालय, सरसफाइ तथा स्वच्छताको अवस्थालाई ध्यान दिनु अपरिहार्य देखिन्छ। सरसफाइ, स्वच्छ खानेपानी, पानी सहितको शौचालयको व्यवस्था, स्वच्छ पानीले बालबालिकामा गुणस्तरीय शिक्षाका लागि प्राप्त गर्ने वातावरण बनाउँने भएकोले शैक्षिक संस्थाहरुमा सरसफाइ तथा स्वच्छता विकासमा जोड दिन अतिआवश्यक रहेको छ । यस नगरपालिका भित्र रहेका शैक्षिक संस्थाहरुको संस्थागत सरसफाइ तथा स्वच्छताका सम्वन्धमा गरिएको सर्वेक्षण २०७६ को तथ्यांक तल प्रस्तुत गरिएको छ।



चित्र ३.११: सरसफाईको स्तर (दिगो विकाश लक्ष्यको आधारमा)



चित्र ३.१२ : महिनावारीको वेला विद्यालय आउने छात्राहरु



चित्र ३.१३: बिद्यालयको शौचालयको अवस्था



चित्र ३.१४: शौचालय प्रयोग गर्न प्रयाप्त पानी र साबुनमा बिद्यार्थीको पहुँच

### ३.४.३ स्वास्थ्य संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था

यस खाँडाचक्र नगरपालिका भित्र पर्ने स्वास्थ्य संस्था (अस्पताल, स्वास्थ्यकेन्द्र आदी) का शौचालयहरुमा पानीको उपलब्धता, शौचालयको पर्याप्तता, सावुनपानी र हातधुने सुविधा, महिनावारी स्वच्छता व्यवस्थापन, ठोस तथा तरल फोहोर व्यवस्थापन आदि अवस्थाको मौजुदा स्थिति आंकलन गर्न सम्पन्न गरिएको सर्वेक्षण २०७६ को तथ्यांकको विवरण यहाँ चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र ३.१५: शौचालयको प्रयोगको अवस्था




चित्र ३.१६: हात धुने सुविधा




चित्र ३.१७: अपाङ्गता भएका व्यक्तिहरुमा शौचालयको पहुँच



# परिच्छेद: ४
# खानेपानी, सरसफाइ तथा स्वच्छता विकास योजनाको अवधारणा

## ४.१ पृष्ठभूमि

खानेपानी, सरसफाइ तथा स्वच्छता विकासको अवधारणाले मूलतः स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यको सम्बर्द्धन, संरक्षण, सम्मान र पालनाको लागि दिशानिर्देश गरेको हुन्छ। यो अवधारणा स्थानीय तहका वहुपक्षिय सरोकारवाला (राजनीतिक, बौद्धिक, विषयगत, निजी क्षेत्र, गैर सरकारी तथा नागरिक समाज, लक्षित वर्ग तथा नीतिगत तहका प्रतिनिधिहरु) को सहभागितामा साझा सहमतिको दस्तावेजको रुपमा तयार भएकोछ। यस अवधारणा अनुरुप स्थानीय तहको नेतृत्व तथा स्थानीय सरोकारवालाहरुको प्रतिवद्धता तथा सहभागिता बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको आवधिक योजना तयार गरिएकोछ। अत: यो योजना स्थान र विषय क्षेत्रगत विशेषताहरुमा आधारित एकीकृत सहमतिको दस्तावेज हो। जुन स्थानीय तहमा क्रियाशील सबै प्रमुख सरोकारवालाको सहभागिता र सहयोगमा तयार पारिएको छ। यसले नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको दर्घिकालिन सोच, समष्टिगत लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गरी स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता विकासको भविष्यको मार्गचित्रण तयार गर्दछ। यस प्रक्रियामा स्थानीय विकासका साझेदार एवं सरोकारवालाको पहिचान भई प्रभावकारी परिचालनको आधार तयार हुन्छ। स्थानीय निकायहरुको अगुवाईमा यो योजना तर्जुमा कार्य कानुनतः बाध्यात्मक र व्यवहारतः जनताका आकांक्षा एवं समुदाय/बस्तीको सम्भावना तथा आवश्यकताका आधारमा खानेपानी, सरसफाइ तथा स्वच्छता विकासकाको पहिचान, कार्यक्रम निर्धारण एवं श्रोत साधनको विनियोजन गर्न उत्प्रेरणा जगाउने, उत्साह बढाउने, विश्वास दिलाउने र विकासन्याय स्थापित गर्ने महत्वपूर्ण उपाय हो। सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता मानवजीवन विकासको प्रखुम आधार भएकोले यसमा सबैको पहुँच हुनु आवश्यक हुन्छ।

## ४.२ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको परिकल्पना

यस नगरपालिकाका आम नागरिकहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको आधारभूत आवश्यकतालाई पुरा गर्नको लागी तर्जुमा गरिएको यो योजनाको परिकल्पना निम्नानुसार रहेका छ;

**" दिगो, स्वच्छ-सुरक्षित खानेपानी र संस्थागत विकास, हाम्रो सान।**
**पूर्ण सरसफाइयुक्त समुन्नत समाज निर्माण, खाँडाचक्रको पहिचान "**

## ४.३ समष्टिगत लक्ष्य

यस नगरपालिकामा खानेपानी, सरसफाइ र स्वच्छता योजनाको लक्ष्यहरु देहाय अनुसार रहेकोछ।

नगरवासी आम नागरिकलाई २०८३ (सन २०२६) सम्ममा ४०% मध्यम र २५% उच्च स्तरको खासस्व सेवा प्रदान गर्ने।

## ४.४ समष्टिगत उद्देश्यहरु

यस योजनाले लिइएको उद्देश्य देहाय अनुसार रहेका छन्;

- १. नगरपालिका क्षेत्रभित्र रहेका मौजुदा खानेपानी आयोजनाहरुको सुधार विस्तार तथा नियमित मर्मत सम्भार गर्दै खानेपानी सुरक्षा योजना लागु गरि नगरवासी सबै जनसंख्यालाई सुरक्षित खानेपानीमा पहुँच वृद्धि गर्ने।

- २. सहभागितात्मक पद्धतिको माध्यमबाट समुदाय तथा नगर क्षेत्रको सरसफाइ तथा स्वच्छता प्रवर्द्धनमा अपनत्वभावको विकास गराई पूर्ण सरसफाइयुक्त घर, समुदाय, वडा तथा नगरपालिकाको विकास भगर्ने।
- ३. समन्वयात्मक तथा एकीकृत कार्य पद्धती अपनाई विद्यालय तथा स्वास्थ्य संस्थाहरुको खानेपानी तथा सरसफाइ सुविधाको सुधार गरि पूर्ण सरसफाइको नमूना स्थलको रुपमा विकास गर्ने।
- ४. पानीका मूलहरुको संरक्षण तथा वातावरणीय प्रभाव मुल्याङ्कनद्वारा भौतिक निर्माणलाई व्यवस्थित गर्दै जलवायु परिवर्तनको असरमा न्यूनीकरण गर्नुको साथै विपदमा प्रभावकारी खानेपानी तथा सरसफाइ सेवाका लागि ब्यवस्थापन गर्ने।
- ५. नगरपालिका र वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता सेवालाई प्रभाबकारी र दिगोपनको लागि संस्थागत क्षमता विकास गर्ने।

## ४.५ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका निर्देशक सिद्धान्तहरु

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको दीगो विकास र योजनाको दीर्घकालीन सोचतर्फ उन्मूख हुन एवं उद्देश्य / लक्ष्यमा अधिकतम योगदान पुऱ्याउनका लागि गरिने योजनाबद्ध प्रयासहरु सञ्चालन गर्दा तल उल्लेखभएका निर्देशक सिद्धान्तहरु अपनाईने छन्

### नागरिक संलग्नता र जनकेन्द्रीत खासस्व सेवाको विकास

- खासस्व क्षेत्रको सामाजिक परिचालनमा महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति र पिछडिएको वर्ग एवं समुदायको सशक्तिकरणलाई माध्यम बनाइनेछ।
- खास्स्व क्षेत्रमा समुदायमा आधारित तथा नागरिक समाजका संस्थाहरुको संस्थागत क्षमता विकासको माध्यमबाट खासस्व क्षेत्रको विकास प्रक्रियमा नागरिक तथा समुदायको संलग्नता बृद्धि गरिनेछ। खासस्व क्षेत्रमा स्थानीय श्रोत, साधन, प्रविधि, ज्ञान, सीप र क्षमताको अधिकतम उपयोग गरी दीगोपनामा टेवा पुर्याईनेछ।

### वातावरण सन्तुलन तथा खासस्व क्षेत्रको दीगो विकास

- जलवायु परिवर्तनबाट उत्पन्न समस्या निराकरण तथा जोखिम न्यूनिकरण तथा स्थानीय अनुकूलनको उपायहरु अवलम्बन गरी जनकेन्द्रीत खास्स्व सेवा विकासको अवसरमा बृद्धि गरिनेछ।
- खासस्व क्षेत्र विकास प्रक्रियामा वातावरणमैत्री स्थानीय शासन प्रणालीलाई समाहित गरी खासस्व सेवाको कार्यलाई वातावरणमैत्री तथा दीगो बनाइनेछ।

### स्थानीय संस्थागत  क्षमता विकास

- वडा कार्यालय, वडा नागरिक मंच, नागरिक सचेतना केन्द्र, विद्यालय तथा स्वास्थ्य व्यवस्थापन समिति, लगायत अन्य समुदायमा आधारित समूह र सञ्जालहरुको खासस्व सम्बन्धि क्षमता अभिबृद्धि गरी उनीहरुलाई यस क्षेत्रमा अझ बढी क्रियाशील र प्रभावकारी बनाईनेछ।
- स्थनीय निकायमा खासस्व क्षेत्रको संरचनागत सुधार र क्षमता विकासको माध्यमबाट स्थानीय शासन प्रक्रियामा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा पछाडि पारिएका वर्गको सम्लग्नता सुनिश्चित, अर्थपूर्ण र प्रभावकारी बनाईनेछ।
- स्थानीय स्तरमा खासस्व क्षेत्रमा संचालित आयोजना तथा कार्यक्रमलाई दीगो, नतिजामुलक, पारदर्शी र प्रभावकारी बनाईनेछ।

### लैगिंक, सामाजिक समावेशीकरण  तथा अवसरमा समता

- योजना तर्जुमा, सञ्चालन तथा अनुगमन प्रक्रियालाई समावेशी र सहभागिमुलक बनाई उपलब्ध श्रोत साधनको अधिकतम परिचालन गरी दीगो र सन्तुलित खासस्व सेवामा जोड दिईनेछ।
- खासस्व क्षेत्रको संस्थागत विकास र सुदृढ गरी समावेशी र समानता मैत्री वातावरण निर्माण गरिनेछ।
- खासस्व सेवा तथा सुविधा आम नागरिक तथा सेवाग्राहीहरुको पहुँच बृद्धि गरी स्थानीयस्तरमा प्रवाहित सेवा तथा सुविधाहरु अधिकारमा आधारित, सहज, सर्वसुलभ, गुणस्तरीय बनाइनेछ।

- समावेशीकरण नीति अन्तर्गत खासस्व क्षेत्र अन्तर्गतका कार्यक्रम खास गरि सेवाबाट वञ्चित समुदाय, क्षेत्र र जनसंख्या (महिला, दलित, आदिबासी–जनजाती, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा अन्य पछाडी पारिएका वर्ग) को समुचित सेवामा बढी लक्षित हुनेछ ।
- खासस्व योजना कार्यान्वयनको शिलशिलामा निर्माण हुने सम्पूर्ण खानेपानी तथा शौचालयका संरचनाहरू महिला, वालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक प्रयोगकर्ता मैत्रि निर्माण गरिनेछ ।
- सरसफाइ तथा स्वच्छता सम्बन्धी सबै कार्यक्रम र क्रियाकलापहरुमा लैङ्गिक संवेदनशीलतालाई आत्मसात गरिनेछ ।
- स्थानीय तहका सहजकर्ता लगायत सबै तहका समन्वय समितिहरुमा कम्तिमा पनि एक तिहाइ सदस्य सहित प्रमुख वा उपप्रमुख पदहरु महिला हुनुपर्ने प्रावधानलाई सुनिश्चित गरिनेछ । सल्लाहकार समुहमा समेत समुचित ढङ्गले लैङ्गिक सन्तुलन कायम गरिनेछ । यसैगरी क्षमता अभिवृद्धि सम्वन्धी सबै तालिम/कार्यशालाहरुमा पनि सहभागीहरुको लैङ्गिक सन्तुलन मिलाइनेछ ।

### मानव अधिकार र सामाजिक न्याय

- खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा सरकारी, गैर सरकारी, सामुदायिक संस्थाको संस्थागत संरचनामा विपन्न एवं सिमान्तकृत वर्गको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्दै लैंगिक समानताको अवधारणा लाई अवलम्बन गरिनेछ ।
- समाजमा पिछडिएको वर्ग, दलित, जनजाति, जेष्ठ नागरिक, महिला तथा बालबालिकाको लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि लक्षित वर्ग कार्यक्रमका साथै अन्य विशेष कार्यक्रम संचालन गरिनेछ ।

### समुदाय, निजी क्षेत्र एवं गैसस साझेदारी

- खानेपानी, सरसफाइ तथा स्वच्छताको कक्षेत्रमा सेवा प्रवाह तथा पूर्वाधार विकास कार्यमा सार्वजनिक, निजी, सामुदायिक तथा सार्वजनिक निजी साझेदारी अवधारणा अवलम्वन गरिनेछ ।
- समुदाय, निजी क्षेत्र तथा गैसस जस्ता साझेदारहरु बीच अन्तरक्रिया छलफल र वहसका माध्यमवाट खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा विस्तार कार्यलाई अझ वढी समन्वयात्मक, सहभागितामूलक र प्रभावकारी बनाइनेछ ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता अन्तर्गतका कार्यक्रमको पारदर्शिता, प्रभावकारिता र जवाफदेहिता अभिबृद्धिका लागि उपलब्ध कानूनी व्यवस्था अनुसार सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, नागरिक अनुगमन तथा निगरानीको औजार प्रयोग गरी सुधारका प्रतिवद्धताको पालना गरिनेछ ।

### नतिजा मूलक व्यवस्थापन प्रणाली

- खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तथा बजेट तर्जुमा गर्दा नतिजामूलक योजनाको खाँकामा सूचकको आधारमा गरिनेछ ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको नतिजा मूलक अनुगमन खाँका अनुसार सहभागिता मुलक र तेश्रो पक्षद्धारा समीक्षा गरिने छ ।
- आयोजना तथा कार्यक्रमको तेश्रो पक्षद्वारा अनुगमन तथा मूल्यांकन गरिने छ र कार्य सम्पादनको आधारमा राम्रो काम गर्ने संघ, संस्था तथा निकायलाई प्रोत्साहन गरिनेछ ।

## ४.६ नगर खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका विषयगत क्षेत्रहरु

नगर खानेपानी, सरसफाइ तथा स्वच्छता प्रबर्द्धनका ५ वटा विषयगत क्षेत्रहरु र सो अन्तर्गतका उपक्षेत्रहरु देहाय अनुसार निर्धारण गरी विषयगत क्षेत्र योजना तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

| विषयगत क्षेत्र | विषय क्षेत्रगत प्राथमिकता |
|---|---|
| १: आयोजनाहरुको दिगोपना, सुरक्षा र सुरक्षित खानेपानी | • सुरक्षित खानेपानीको सेवामा पहुँच र आपूर्ति<br>• पानीका मूल/श्रोतको संरक्षणमा वातावरण अनुकुलन<br>• मौजुदा खानेपानी योजनाको उचितरुपले मर्मत सम्भार र विस्तार<br>• नयाँ योजनाको निर्माण<br>• उपभोक्ता र ब्यबस्थापन समितिहरुको क्षमता अभिबृद्धि |

| विषयगत क्षेत्र | विषय क्षेत्रगत प्राथमिकता |
|---|---|
| २: पूर्ण सरसफाइ | • सहभागितात्मक पद्धतिको माध्यमबाट समुदाय तथा नगर क्षेत्रको सरसफाइ तथा स्वच्छता प्रर्वद्धन;<br>• सुरक्षित चर्पीको समुचित प्रयोग;<br>• घरायसी फोहरको समुचित ब्यवस्थापन तथा व्यक्तिगत सरसफाइ सम्बन्धी बानी व्यवहारको विकास;<br>• पानीको शुद्धिकरण गरि सुरक्षित पानीको प्रयोग;<br>• ठोस फोहरको समुचित ब्यवस्थापन<br>• वजार क्षेत्रमा सरसफाइ सामग्रीहरुको सहज आपूर्ती |
| ३: संस्थागत (विद्यालय तथा स्वास्थ्य संस्था) खानेपानी, सरसफाइ तथा स्वच्छता | • विद्यालयहरुमा प्रयोगकर्ता मैत्री शैचालय र खानेपानी तथा सरसफाइको ब्यवस्थापन तथा प्रयोग<br>• स्वास्थ्य संस्थाहरुमा प्रयोगकर्ता मैत्री शैचालय र खानेपानी तथा सरसफाइको ब्यवस्थापन तथा प्रयोग<br>• संस्थागत (विद्यालय तथा स्वास्थ्य संस्था) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको एकीकृत विकास वातावरणीय सरसफाइ तथा फोहोर मैला व्यवस्थापन सेवामा वृद्धि<br>• विद्यालय तथा स्वास्थ्य संस्थाहरुका खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूको मर्मत, सम्भार |
| ४: जलवायु परिवर्तन, असर न्यूनीकरण र खानेपानी तथा सरसफाइ सेवा | • वन तथा भूसंरक्षण तथा जलवायु परिवर्तनको असर न्यूनीकरण<br>• खानेपानी तथा सरसफाइ सेवा क्षेत्रमा विपद जोखिम न्युनिकरण, विपदको पूर्वतयारी, व्यवस्थापन तथा उद्धार<br>• अनुकुलन पद्धतिको मुल प्रवाहिकरण र सेवा ब्यवस्थापन |
| ५: संस्थागत तथा क्षमता विकास | • नगरपालिका स्तरीय समन्वय समितिहरुको संस्थागत विकास<br>• खानेपानी तथा सरसफाइ सेवा क्षेत्रमा स्थानीय विकासका सरोकारवालाको क्षमता तथा संस्थागत विकास<br>• स्थानीय श्रोत तथा वाह्य श्रोत परिचालनमा अभिबृद्धि |

## ४.७ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका आधारहरु

| क्र.स | योजनाका आधार क्षेत्र | विरण/ आधारहरु |
|---|---|---|
| १ | **नेपालको संविधान २०७२** | • धारा ३० मा स्वच्छ वातावरणमा वस्न पाउने हक<br>• धारा ३५ (४) ले मौलिक अधिकारको रुपमा व्याख्या गरेको छ। |
| २ | **दीगो विकास लक्ष्यको लक्ष्य ६** | • ६.१ सन् २०३० सम्म सबैलाई सुरक्षित खानेपानी सेवामा सबैको न्योचित पहुँच भएको हुने: सुरक्षित किसिमले व्यवस्थापन भएको खानेपानी  सवै घरधुरीमा सुरक्षित खानेपानी, चाहिएको वेला उपलब्ध, गुणस्तरयूक्त<br>• ६.२ सन् २०३० सम्ममा सुधारिएको सरसफाइ सुबिधामा सबैको सुलभ तथा न्योचित पहुँच र खुला दिसामुक्त अवस्था भएको हुने छ।<br>• सुरक्षित किसिमले व्यवस्थापन भएको सरसफा: (सबै घरमा शौचालय सुबिधा भएको, (मानव बिर्सजित फोहर तथा फिकल सलजको उचित ब्यवस्थापन) |
| ३ | **१५ औं विकास योजनाको आधारपत्र** | • साझा आकांक्षा: सम्वृद्ध नेपाल, सुखी नेपाली साझा राष्ट्रिय आकांक्षा<br>• सोचः स्वच्छ, सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवा<br>• उद्देश्यहरुः<br>१. खानेपानी, सरसफाइ तथा स्वच्छताको उपलब्धताबाट जनस्वाथ्यमा सुधार ल्याउने सवै नागरिकलाई आधारभूत स्तरको सरसफाइ सेवामा पहुँच तथा मानव मलमुलत्र र फोहोरको उचित व्यवस्थापन गर्ने<br>२. जलवायू परिवर्तन अनुकुल तथा विपद व्यवस्थापन मैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित् गर्ने<br>३. खानेपानी तथा सरसफाइको दिगो सेवा प्रवाहमा संघ, प्रदेश तथा स्थानीय सरकारको भूमिका सवलीकरण गर्दै क्षमता अभिवृद्धि गर्नु |

| क्र.स | योजनाका आधार क्षेत्र | विरण/ आधारहरु |
|---|---|---|
| ४ | **स्थानीय सरकार संचालन ऐन २०७४** | ऐनको परिच्छेद ३, दफा ११ अन्तर्गत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत देहायका कामहरु तोकिएको छ;<br><br>• स्थानीय तहमा विषयगत स्थानीय तथ्यांक संकलन र अभिलेख संकलन गर्ने;<br>• आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धि कार्यहरु संचालन गर्ने गराउने;<br>• स्थानीय वजार व्यवस्थापन, वातारण संरक्षण र जैविक विविधिता सम्बन्धि कार्यहरु संचालन गर्ने गराउने;<br>• खानेपानी, साना जलविधुत सम्बन्धि कार्यहरु संचालन गर्ने गराउने; |
| ५ | **खानेपानी तथा सरसफाइ क्षेत्रगत विकास योजना (२०७३–२०८७)** | • क्षेत्रगत सुशासन र प्रभावकारितामा सुधारका माध्यमबाट “वास” सेवाहरूलाई सबैको पहुँचमा वृद्धि गर्दै सेवाको स्तरमा सुधार ल्याउने।<br>• विद्यमान क्षेत्रगत मुद्दाहरू एवम् भविष्यमा बिकसित हुन सक्ने परिदृश्यहरूको सम्बोधन गर्ने।<br>• यस क्षेत्रको प्रभावकारी कार्यक्रम निर्माण एवम् सुसङ्गत र सामञ्जस्सीय ढङ्गले कार्यान्वयन गर्नाका लागि क्षेत्रगत प्राथमिकता र रणनीति स्पष्ट गर्दै क्रमश: क्षेत्रगत एकत्रीकरण गर्ने।<br>• राष्ट्रिय प्राथमिकताहरू, रणनीतिहरू, मानकस्तरहरू एवम् कार्यविधिहरूका तह सम्पूर्ण सरोकारवालाहरूलाई प्रभावकारी “वास”सेवा प्रवाहको कार्यक्रम निर्माण एवम् व्यवस्थापनका लागि मार्गनिर्देशन तथा अभिप्रेरित गर्ने।<br>• सबै नेपाली नागरिकहरूसम्म सुचारु र दिगो “वास” सेवाहरूको पहुँचको सुनिश्चितता गर्न यस क्षेत्र विकास योजनासंग तादात्म्य हुने गरी सक्षमकारी नीति, कानुनी एवम् नियमनकारी खाका, सेवा प्रवाहको लागि स्पष्ट संस्थागत संयन्त्र, वित्तीय प्रबन्धहरू, क्षमता अभिवृद्धि, परिष्कृत समन्वय र कार्यसम्पादन अनुगमन पद्धति लागू गर्नु। |
| ६ | **पूर्ण सरसफाइ मार्गदर्शन,२०७३** | • पूर्ण सरसफाइ मार्गदर्शन,२०७३ ले सन् २०३० सम्म सबैको लागि र सधैको लागि पूर्ण सरसफाइको अवस्था हासिल गर्नेतर्फ उन्मुख हुने लक्ष्य लिएको छ। उक्त लक्ष्यलाई ३ चरणमा विभाजन गरी कार्यान्वयन हुदै आइरहेको छ। तह १: सन् २०२२ सम्म १५ प्रतिशत गाउपालिका र १० प्रतिशत न.पा.; तह २: सन् २०२७ सम्म ५० प्रतिशत गाउपालिका र ४० प्रतिशत न.पा.; र तह ३: सन् २०३० सम्म १०० प्रतिशत गाउपालिका र १०० प्रतिशत न.पा.)<br>• पूर्ण सरसफाइ मार्गदर्शन अनुसार पूर्ण सरसफाइको उद्धेश्य निम्नानुसार छन् ;<br>  ○ खुला दिसामुक्त अवस्थाको दिगोपना कायम गर्ने।<br>  ○ सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्ने।<br>  ○ घरायसी तथा संस्थागत तहमा सरसफाइ र स्वच्छताका सुविधाको समुचित प्रयोग,मर्मत सम्भार तथा स्तरोन्नती गर्ने।<br>  ○ सुरक्षित खानेपानीको सेवा सुनिश्चित गर्ने र घरायसी तथा सस्थागत तहमा पानी शुद्धीकरणको प्रवद्र्धन समेत गर्ने।<br>  ○ फोहोरमैला तथा मानव मलमूत्रीय फोहोरको सम्भव भएसम्म पूनःप्रयोग गर्ने वा तोकिएको मापदण्डका आधारमा विसर्जन गर्ने।<br>  ○ पोखरी तथा साना जलाशय र खोला¬ खोल्सीहरुको संरक्षण गरी स्वच्छता तथा सुन्दरता कायम राख्ने।<br>• पूर्ण सरसफाइका दुई चरण: सफा र स्वच्छ चरण, पूर्ण सरसफाइ उन्मुख चरणमा विभाजन गरी कार्यान्वयन गर्ने र सम्पूर्ण चरणहरु पश्चात् पूर्ण सरसफाइयुक्त गाउँ,बस्ती,टोल र समुदाय घोषणा गर्ने ब्यबस्था यस मार्गदर्शनमा उल्लेख छ। |
| | | कार्यविधि,२०७४ को लक्ष्य: |

| क्र.स | योजनाका आधार क्षेत्र | विरण/ आधारहरु |
|---|---|---|
| ७ | **विद्यालय खानेपानी तथा सरसफाइ कार्यविधि,२०७४** | • विद्यालयमा दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवद्र्धन गरी शैक्षिक उपलब्धि बढाउन अनुकूल वातावरणको सिर्जना गर्ने रहेको छ<br>• कार्यविधिको उद्देश्यहरु विद्यालयमा सबै बालबालिकाहरुका लागि अनुकूल हुने गरी खानेपानी, सरसफाइ तथा स्वच्छताका सूचकएवम् मापदण्ड तयार गर्ने,तयार गरिएको मापदण्ड कार्यान्वयनका लागि विधि, प्रक्रिया र पध्दतिका विषयमा सहजीकरण गर्ने र विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थापन, सरसफाइका सुविधा र स्वच्छ वातावरण तयार गर्नका लागि उपलब्ध स्रोत साधनको उपयोगमा विभिन्न निकायहरुको भूमिका पहिचान एवम् समन्वयका लागि सहजीकरण गर्ने रहेको छ।<br>• यस कार्यविधिले बिद्यालय स्वमुल्याङ्कनको मापदण्ड जस्तै सबै विद्यालयहरुमा पानी, शौचालय, वातावरणीय सरसफाइ, हरियाली वातावरण, स्वच्छता सुविधा, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन, संस्थागत व्यवस्था र दिगोपना, विपद् जोखिम व्यवस्थापन, अनुगमन तथा जवाफदेहिताका आधार तय गरी यसै मापदण्डका आधारमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका अवस्थालाई मूल्याङ्कन गरेर वर्गीकरण गर्न तारा पद्धतिलाई आधार मानिएको छ। |
| ८ | **स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी मापदण्ड,२०७५** | • स्वास्थ्य संस्थाहरु, विस्तारित सेवा, घुम्ती शिविर स्वास्थ्य संस्थाको तह र स्वास्थ्य संस्थाको बर्गिकरण सम्बन्धी मापदण्ड;<br>• वितरण गरिने पानीको गुणस्तर सम्बन्धी मापदण्ड;<br>• स्वास्थ्य संस्थाहरुका लागि सरसफाइको मापदण्ड<br>• स्वास्थ्य संस्थाको लागि स्वच्छता मापदण्ड;<br>• स्वास्थ्य संस्थाजन्य फोहरमैला व्यवस्थापनका लागि निश्चि मापदण्ड |

## ४.८ राष्ट्रिय लक्ष्य, अवधि र रणनीति (क्षेत्रगत सुधार योजना) संगको अन्तरसम्बन्ध

यस नगरपालिका खासस्व योजनाले नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा तयार पारिएको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास २०७३ - २०८७ का सिद्धान्त, लक्ष्य तथा रणनीतिहरुलाई अंगिकार गरेको छ। त्यसैले यसमा प्रस्ताव गरिएका खानेपानी तथा सरसफाइका योजनाहरुको निर्माण नेपाल सरकारको क्षेत्रगत विकास योजनामा परिलक्षित गरेको अवधि लक्ष्य र सिद्धान्तमा समेत तादाम्यता मिलाई सोहि बमोजिम कार्ययोजनाहरु तय गरी  कार्यान्वयन गर्दै जाने लक्ष्य लिएको छ। सोहि क्षेत्रगत विकास योजनाले परिभाषित गरेको ५० प्रतिशल जनताले उच्च स्तरको खानेपानी सेवा र बांकी ५० प्रतिशत जनताहरुले मध्यम स्तरको खानेपानी सेवा सन २०३० सम्म प्राप्त हुने गरी योजना बनाइन कार्यान्वयन योजना बनाईएको छ।

**तलिका नं . ४.१: क्षेत्रगत सुधार योजनाको अवधि र लक्ष्यहरु**

| अवधि | लक्ष्यहरु |
|---|---|
| तात्कालिन चरण (सन २०१६ देखि २०२०) | • सवैको आधारभूत खासस्व सेवामा पँहुच<br>• सेवाको स्तरमा सुधार (मध्यम २५% र उच्च १५%) जनता |
| मध्यकालिन चरण (सन २०२१ देखि २०२५) | • सेवाको स्तरमा सुधार (मध्यम ४०% र उच्च ३०%) जनता<br>• कार्यक्षमता र दिगोपनामा सुधार |
| दिर्घकालिन चरण (सन २०२६ देखि २०३०) | • सेवाको स्तरमा सुधार (मध्यम ५०% र उच्च ५०%) जनता<br>• प्रभाव लेखाजोखा |

**तलिका नं ४.२: खानेपानी सेवा स्तरको वर्गिकरण**

| परिमितिहरु | | सेवाको स्तर | | | |
|---|---|---|---|---|---|
| | | **निम्न** | **आधारभूत** | **मध्यम** | **उच्च** |
| **आवश्यकता** | परिमाण (एल.पि.सि.डी) | २५-४५ | ४५-६५ | ६५-१०० | १००-१५० |
| | **स्वच्छता** | नभएको | सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता संभव, कपडा धुन नुहाउन अपुग | सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता सुनिश्चित, कपडा धुन र नुहाउन पनि सुनिश्चित | सबै स्वच्छताका आवश्यकताहरु पुरा हुने |
| **गुणस्तर** | | पिउन योग्य | राष्ट्रिय गुणस्तर मानक (ग्रामिण मापदण्ड) पुरा गर्छ | राष्ट्रिय गुणस्तर मानक पुरा गर्छ | राष्ट्रिय गुणस्तर मानक पुरा गर्छ |
| **शुलभ पहुँच** | | २५% भन्दा कम उपभोक्ताले निजि धारा जडान | २५% भन्दा बढि उपभोक्ताले निजि धारा जडान गरेको | १००% उपभोक्ताले निजि धारा जडान गरेको | १००% उपभोक्ताले निजि धारा जडान गरेको |
| **विश्वसनियता** | **वितरण अवधि घण्टा/दिन** | | ८ घण्टा (अधिक माग समयमा) | १२ घण्टा दिनको समयमा | २४ घण्टा |
| | **निरन्तरता** | | एक महिनामा एक पटकसम्म सेवा अवरुद्ध | तिन महिनामा एक पटकसम्म सेवा अवरुद्ध | बाह्र महिनामा एक पटकसम्म सेवा अवरुद्ध |
| **लचकता** | | | अबरुद्ध सेवा २ दिन भित्र सुचारु हुने | अबरुद्ध सेवा १ दिन भित्र सुचारु | अबरुद्ध सेवा १ दिन भित्र सुचारु |
| **अधिक माग धान्ने क्षमता** | | | | अचानक १०% अधिक माग धान्ने | अचानक १०% अधिक माग धान्ने |
| **सेवा सन्तुष्टि स्तर** | | नगरेको | नगरेको | ७५% | ९०% |

# परिच्छेद: ५

# योजनाको क्षेत्रगत सोच तालिका, रणनीति, कार्ययोजना तथा वित्तीय श्रोत विश्लेषण

## ५.१ क्षेत्रगत समस्या, चुनौतीहरु तथा समाधान उपयोगी रणनीति

यस नगरपालिकाको खासस्व योजनाको क्षेत्रगत सोच तालिका, रणनीति र कार्ययोजना बनाउनको लागि स्थानीय तहको मौजुदा अवस्थालाई विश्लेषण गर्नु अति आवश्यक हुन्छ। समुदायमा रहेका खासस्व सम्बन्धि जोखिम समस्याहरु, त्यसका कारक तत्व, सम्भावनाहरु, विशेषता र महत्वका कुराहरुको तथ्यको आधारमा नगरपालिकाको भाबी योजना निर्माण गर्नु पर्ने हुदा यस नगरपालिकाको खासस्वको क्षेत्रगत समस्या, चुनौतीहरु तथा समाधानका उपयोगी रणनीति सम्बन्धि परिवेश विश्लेषण निम्नानुसार गरिएको छ।

| खासस्व योजनाका क्षेत्र | क्षेत्रगत समस्या तथा चुनौतीहरु | उपयोगी रणनीति |
|---|---|---|
| **क्षेत्र : १: आयोजनाहरुको दिगोपना, सुरक्षा र सुरक्षित खानेपानी** | यस क्षेत्रका प्रमुख समस्याहरु स्वच्छ खानेपानी उपभोगको पहुँचमा कमी, मुहानको संरक्षण तथा व्यवस्थापन नहुनु, पानीको मुहान संरक्षण नहुनु, मुहान वरीपरी वन जंगल कटानी हुनु, आर्थिक स्रोतकोलागि दातृनिकायसँग बढी निर्भरता हुनु, जवाफदेहिता नहुनु, आयोजना मर्मत सम्भारमा कमी हुनु, सामाजिक अपनत्वको कमी हुनु, अनुगमन-मुल्याङ्कन र निरीक्षणमा कमी हुनु, नीति निययको परिपालना नहुनु, उपभोक्ता समितीहरुमा अर्थिक पारदर्शिता नहुनु, सरोकारवालाहरु वीच समन्वयमा कमी हुनु, प्राकृतिक प्रकोपका कारण खानेपानी आयोजना क्षतीग्रस्त हुनु, आयोजनाहरु दीगो नहुनु, खानेपानी उपभोक्ता समिति सक्रिय नहुनु, पानीको नियमित रुपमा गुणस्तर परीक्षण नहुनु आदि रहेकाछन। यी क्षेत्रगत समस्या तथा चुनौतीहरुको कारण उपभोक्ताको सुरक्षित खानेपानीमा पहुँचमा कमिहुनु, आयोजनाहरुको दिगोपना तथा सुरक्षामा ह्रास आउने, निर्माण भएका खानेपानी आयोजनाहरुको सूचारुपना ह्रास आउने, समतामुलक रुपमा सुरक्षित खानेपानीको पहुँचमा बृद्धि हुन नसक्ने जस्ता असर देखापरेका छन्। | आयोजनाहरुको दिगोपना तथा सुरक्षा प्रर्वद्धन को माध्यमबाट खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको उपलव्धतामा सुरक्षित खानेपानीको पंहुचमा वृद्धि गर्ने।<br><br>खानेपानी, सरसफाइ तथा स्वच्छता सेवामा सीमान्तकृत र जोखिमा रहेका समुदायको पहुँच बृद्धि गर्न सेवालाई सुलभ र सहज र अनूकुल बातावरण तथा भौतिक पूर्वाधार निर्माण गर्ने। |
| **खासस्व योजनाका क्षेत्र** | **क्षेत्रगत समस्या तथा चुनौतीहरु** | **उपयोगी रणनीति** |
| **क्षेत्र : २: पूर्ण सरसफाइ तथा स्वच्छता प्रबर्द्धन** | प्रत्येक घरधुरी, संघ संस्थाहरुमा आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण नहुनु; धुवा रहित चुल्होको प्रयोगमा कमि हुनु; पूर्ण सरसफाइको मापदण्ड अनुसार चर्पी निर्माण नहुने र निर्माणाधीन चर्पीको समुचित प्रयोग नहुनु, आधारभूत स्तरको सुरक्षित पानीमा सबैको पहुँच तथा प्रयोगकर्ता मैत्री नबन्नु, , व्यक्तिगत, घरायसी, वातावरणीय सरसफाइ तथा स्वच्छता सम्बन्धि समुदायमा सरसफाइ तथा स्वच्छता सम्बन्धी न्यून चेतनास्तर रहनु। घरायसी ठोस तथा तरल फोहोरको उचित व्यवस्थापन नहुनु जस्ता समस्या तथा चुनौतीहरुको कारण व्यक्तिगत तथा संस्था सरसफाइ प्रबर्द्धनका क्रियाकलापमा अबरोधको स्थिति सिर्जना हुने, पूर्ण सरसफाइ सबैको पहुँच तथा प्रयोगकर्ता मैत्री नहुने र घरायसी एवं संस्थागत सरसफाइको समुचित व्यवस्थापनमा अबरोध आयोउने जस्ता आसर यस क्षेत्रमा देखा परेका छन्। | पूर्ण सरसफाइ प्रर्वद्धन मार्फत समुदाय तथा नगर क्षेत्रको सरसफाइ तथा स्वच्छता सेवामा सबै नागरिकको पंहुच तथा उपयोग सुनिश्चित गर्ने र सेवा व्यवस्थामा सुधार गर्ने।<br><br>चेतना अभिवृद्धि; आवश्यक बजेट बिनियोजन; प्रारम्भिक घरदैलो सर्वेक्षण; मर्मत, संभार, पून निर्माण; शिक्षा, तालिम<br><br>तथ्याङ्क संकलन |
| **खासस्व योजनाका क्षेत्र** | **क्षेत्रगत समस्या तथा चुनौतीहरु** | **उपयोगी रणनीति** |

| खासस्व योजनाका क्षेत्र | क्षेत्रगत समस्या तथा चुनौतीहरु | उपयोगी रणनीति |
|---|---|---|
| **क्षेत्र : ३ : संस्थागत (विद्यालय तथा स्वास्थ्य संस्था) खानेपानी, सरसफाइ तथा स्वच्छता** | विद्यालय वास सम्बन्धी स्वीकृत कार्यवीधिअनुसार नहनु, विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा प्रयोगकर्तामैत्री खानेपानी तथा शौचालयको ब्यवस्थापन नहुनु; सरसफाइ तथा स्वच्छताका मापदण्ड अनुरुप भौतिक पूर्वाधार निर्माणको कमि हुनु; विद्यालय तथा स्वास्थ्य संस्थामा खानेपानी तथा सरसफाइ सुविधाहरुको स्थानीय तहबाट हुनु पर्ने पहमा कमिहुनु, फोहरको उचित रुपमा संकलन तथा व्यबस्थापन अन्हुनु, निर्मलिकरण तथा ब्यवस्थापन प्रणालीको विकास नहुनु; घर, आंगन एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासन नहुनु, विद्यालयमा सेनिटरी प्याड उपलब्ध नहुनु र त्यसतर्फ ध्यान नदिनु, विद्यालयहरुमा जोखीमपूण अवस्थामा साबुन पानीले हातधुन ब्यवस्था तथा आनीबानीमा परिवर्तनको विकास नहुनु जस्ता समस्याको कारण घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर फोहोर ब्यवस्थापनमा समस्या देखिएको छ। | संस्थागत (विद्यालय तथा स्वास्थ्य संस्था)मा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको एकीकृत रुपमा संस्थागत विकास गरि वातावरणीय सरसफाइ तथा फोहोर मैला व्यवस्थापन सेवा सुविधामा वृद्धि गर्ने।<br><br>तिनतारे सिद्धान्तलाई प्रभावकारी रुपमा लागु गर्ने।<br><br>विद्यालय तथा स्वास्थ्यका सरोकारवालाहरुको सरसफाई सम्बन्धि चेतना अभिबृद्धि गर्ने। |
| **खासस्व योजनाका क्षेत्र** | **क्षेत्रगत समस्या तथा चुनौतीहरु** | **उपयोगी रणनीति** |
| **क्षेत्र : ४ : जलवायु परिवर्तन, असर न्यूनीकरण र खानेपानी तथा सरसफाइ सेवा** | यस विषगत क्षेत्रको मूल समस्याको रुपमा जलवायु परिवर्तनको कारण वातावरणीय प्रभाव, असर न्यूनीकरण तथा विपदमा प्रभावकारी भौतिक निर्माणलाई व्यवस्थित गर्न नसक्नुले खानेपानी तथा सरसफाइ सेवामा समस्या देखिएको छ। जलवायु परिवर्तनका असर तथा सोको न्यूनीकरण सम्बन्धि कार्यक्रम संचलान नहुनु, ; खानेपानी आयोजनाहरुको निर्माण गर्दा जोखीमको न्यून प्रभाव हुने गरी वातावरणमैत्री नहुनु; प्रकोप संभावित क्षेत्रहरुको नक्शांकन तथा व्यवस्थापन योजना निर्माण नहुनु, मुहान तथा जलाधार संरक्षणको कमीका कारण मुहान सुक्दै जानु; जलवायु परिवर्तनको कारण हुने जोखीम न्यूनीकरण कार्यक्रमका लागि वजेट तथा कार्यक्रमको आभव हुनु, भूक्षय तथा पहिरोका कारण अधिकांश खानेपानी आयोजनाहरु प्रभावित भई खानेपानी तथा सरसफाइ सेवामा अबरोध शृजना हुनु; जलवायु परिवर्तनका कारण हुने भू–क्षय, पहिरो, बाढी, किराको प्रकोप र खडेरी आदिका कारण मुहानहरु सुक्दै जानु जस्ता समस्या देखिएका छन्। | खानेपानी तथा सरसफाइ सेवा क्षेत्रमा विपद जोखिम न्युनिकरण, विपदको पूर्वतयारी, व्यवस्थापन तथा उद्धार र अनुकुलन पद्धतिलाई मुल प्रवाहमा ल्याई सेवा ब्यवस्थापन गर्ने।<br><br>विपद् व्यवस्थापन सम्बन्धि निति निर्माण गरी विभिन्न विपद् जोखिम न्यूनिकरण व्यवस्थापन समिति गठन गरी वास्तविक कार्य गर्ने। |
| **खासस्व योजनाका क्षेत्र** | **क्षेत्रगत समस्या तथा चुनौतीहरु** | **उपयोगी रणनीति** |
| **क्षेत्र : ५ : संस्थागत तथा क्षमता विकास** | खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको प्रभाबकारी र दिगोपनको लागि संस्थागत क्षमता विकासको अभाबमा आवश्यकता अनुरुप गुणस्तरीय सेवा प्रदान गर्न नसक्नु आजको प्रमुख समस्याव रहेको छ।<br><br>स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता विकासका लागि राजनीतिकरुपमा साझा सहमति हुननसक्दा यस क्षेत्रमा हुनुपर्ने भौतिक संरचनामा लगानी हुन सकेको छैन। खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तथा कार्यक्रमको प्राथमिकिकरण गरी सोही अनुसार श्रोत परिचालन गर्ने प्रवृत्तिको थालनी हुन नसकेको अवस्था छ। | खानेपानी तथा सरसफाइ सेवा क्षेत्रमा स्थानीय विकासका सरोकारवालाको क्षमता तथा संस्थागत विकास गरि स्थानीय श्रोत तथा वाह्य श्रोत परिचालनमा अभिबृद्धि गर्ने। |

## ५.२ क्षेत्रगत योजना सोच तालिका रणनीति, कार्ययोजना तथा वित्तीय श्रोत विश्लेषण

### ५.२.१: आयोजनाहरुको दिगोपना, सुरक्षा र सुरक्षित खानेपानी

